www.lawcommission.gov.np

## नेपाल कानून आयोगको

# वार्षिक प्रतिवेदन

## (२०६९/०७०)

नेपाल कानून आयोग

**नेपाल कानून आयोग**

**सिंहदरबार, काठमाडौं**

www.lawcommission.gov.np

# मन्तव्य

कानूनी संरचनाको निर्माण राज्य सञ्चालनका लागि अपरिहार्य विषय हो । कानून निर्माणका लागि गरिने प्रत्येक प्रयत्नमा कानूनको शासन कायम राख्ने दृढ संकल्प हुन जरुरी छ । नेपाल कानून आयोग मुलुकको कानून प्रणालीलाई सुदृढिकरण गर्ने दिशामा विशेषतः प्रयत्नशील छ ।

नेपालमा कानून आयोगको स्थापना भएको पनि छ दशक पूरा भइसकेको छ । राज्यको न्याय तथा कानूनी प्रणालीलाई मार्गदर्शन गर्ने अधिकार प्राप्त निकायको रुपमा यो आयोग रहेको अवस्था  हो । तथापी यो आयोगले कानून निर्माण प्रक्रियामा खेल्न सक्ने भूमिकाको आजसम्म पनि यथोचित कदर हुन सकेको छैन ।

यस आयोगले भोगेका समस्या र हासिल गरेका उपलब्धिहरूको विवरण यस प्रतिवेदनमा सहज रुपले उल्लेख गर्ने प्रयास भएको छ । आर्थिक वर्ष २०६९/०७० को अवधिमा यस आयोगले आफ्नो जिम्मेवारी पालनामा निरन्तर इमान्दारीपूर्वक खटिएको तथ्य प्रतिवेदन स्वयम्ले उजागर गर्नेनै छ । प्रतिवेदनको अध्ययन हुनेछ र सोही अनुरुप आयोगको क्षमता विकासमा सरकारको थप प्रतिवद्धता रहनेछ भन्ने अपेक्षा आयोगले लिएको छ । नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ को व्यवस्था बमोजिम तयार पारिएको यो प्रतिवेदनलाई सरल, सूचनामूलक र बोधगम्य बनाउन सक्रिय रहेका आयोगका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

उमेशचन्द्र झा
(अध्यक्ष)
नेपाल कानून आयोग

नेपाल कानून आयोग

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद १** | |
| | **नेपाल कानून आयोगको संक्षिप्त परिचय** | |
| १.१ | बिषय प्रवेश | १ |
| १.२ | नेपालमा कानून आयोगको विकासक्रम | २ |
| १.३ | प्रतिवेदन अवधि | ३ |
| १.४ | आयोगको काम कर्तव्य र अधिकार | ३ |
| १.५ | नेपाल कानून आयोगको गठन र संरचना | ६ |
| १.६ | आयोगको विद्यमान संगठन संरचना र दरबन्दी विवरण | ७ |
| | **परिच्छेद २** | |
| | **आयोगको उद्देश्य र कानूनको शासनलाई संस्थागत गर्ने तर्फका प्रयत्नहरू** | |
| २.१ | आधारभूत उद्देश्य | १२ |
| २.२ | कानूनको शासनलाई संस्थागत गर्ने तर्फका प्रयत्नहरू | १३ |
| | **परिच्छेद ३** | |
| | **नेपाल कानून आयोगबाट आ. व. २०६९/७० मा सम्पादित प्रमुख कार्यहरू** | |
| ३.१ | सम्पादित कार्यहरूको विवरण | १९ |
| ३.२ | वैदेशिक सम्पर्क/समन्वय | २४ |
| ३.३ | अध्ययन/अनुसन्धान | २५ |
| ३.४ | अन्तरक्रिया गोष्ठी/छलफल | २८ |
| ३.५ | आयोगका प्रकाशनहरू | ३३ |
| | **परिच्छेद ४** | |
| | **नतिजा मूल्याङ्कन** | |
| ४.१ | वेबसाइट सम्बन्धी काम | ३५ |
| ४.२ | अन्तरक्रिया गोष्ठी | ३५ |
| ४.३ | लेख रचना | ३६ |
| ४.४ | अवधारणापत्र तथा नीतिपत्र | ३६ |


नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ४.५ | आन्तरिक कार्यविधिको निर्माण | ३७ |
| ४.६ | खोजमूलक अध्ययन तथा अनुसन्धान | ३८ |


**परिच्छेद ५**

**आयोगको कार्य पद्धति विश्लेषण**


| | | |
|---|---|---|
| ५.१ | आयोगको कार्यपद्धति | ४० |
| ५.२ | वार्षिक कार्यक्रम | ४० |
| ५.३ | विधेयक मसौदा प्रक्रिया | ४१ |
| ५.४ | कानून तर्जुमाका लागि विषयवस्तु पहिचानको प्रक्रिया | ४२ |
| ५.४ | आयोगको वैठक | ४५ |


**परिच्छेद ६**

**आयोगमा उपलब्ध साधन स्रोत**


| | | |
|---|---|---|
| ६.१ | आयोगमा रहेको मानव स्रोत | ४६ |
| ६.२ | भौतिक स्रोत | ४८ |


**परिच्छेद ७**

**समस्या, चुनौती तथा अवसरका सम्भावनाहरू**


| | | |
|---|---|---|
| ७.१ | नेपाल कानून आयोग समक्ष रहेका समस्याहरू | ५२ |
| ७.२ | नेपाल कानून आयोग समक्ष रहेका चुनौतीहरू | ५७ |
| ७.३ | नेपाल कानून आयोगले यस वर्ष देखेका सम्भावनाहरू | ५८ |


नेपाल कानून आयोग

# परिच्छेद १

# नेपाल कानून आयोगको संक्षिप्त परिचय

## १.१ बिषय प्रवेशः

राज्य सञ्चालनमा कानूनको निर्माण र त्यसको कार्यान्वयनको आवश्यकता अनिवार्य हुन्छ । राज्य प्रणालीको सर्वव्यापी सिद्धान्तले कानून निर्माण, व्याख्या र कार्यान्वयनका कार्यहरूलाई फरक फरक अंगमा केन्द्रित गर्नु पर्ने अनिवार्य शर्त कायम गरेको छ । यहि मौलिक आधारमा कानूनको शासन, शक्तिपृथकीकरण र संविधानवादका मान्यता लगायत शक्ति सन्तुलनका विषयहरू विकसित र परिमार्जित हुँदै आएका छन् ।

कानूनको निर्माण सिद्धान्ततः व्यवस्थापिकाको क्षेत्राधिकारभित्रको विषयवस्तुको रुपमा स्थापित भैसकेको छ । तापनि व्यवहारिक रुपमा कानून तर्जूमाको कार्य व्यवस्थापिकाबाट मात्र सम्भव हुँदैन । सामान्यतः कार्यपालिकाबाट विधेयक प्रस्ताव हुने र व्यवस्थापिकाले विभिन्न चरणको छलफल पछि प्रस्तावित विधायन निर्माण गर्ने प्रक्रिया अहिलेको प्रचलित अभ्यास हो । हाम्रो सन्दर्भमा पनि यहि अभ्यास स्थापित छ र सरकारले व्यवस्थापिकामा गरेको विधेयक प्रस्तावहरू नै कानून निर्माणको एकमात्र प्रमुख आधार रहिआएको छ ।

कानून आयोगको गठन भएका मुलुकहरूमा कानूनको निर्माण प्रक्रियाका लागि गरिनु पर्ने प्रारम्भिक अध्ययन अनुसन्धान र विशेषज्ञहरूबाट प्राप्त रायका आधारमा कानून निर्माणको आधार स्थापना गरिन्छ । कानून आयोगले कानून तर्जुमाको सन्दर्भमा स्थापित बौद्धिक अभ्यासलाई संस्थागत गर्दै परिमार्जित र समयसापेक्ष कानूनको आवश्यकताको विश्लेषण, सो पश्चात तर्जुमा वा संशोधन मसौदाको अभ्यासलाई अगाडी बढाउने गर्दछ । यस क्रममा सामाजिक तथा आर्थिक विश्लेषण र सो बाहेक वृहद रुपमा सर्वसाधारणको सहभागिताको पनि परिचालन गर्ने गरिन्छ । यसर्थमा कानून आयोग राष्ट्रिय कानूनी प्रणालीको अभिन्न र अनिवार्य अङ्गको रुपमा स्थापित हुँदै गएको देखिन्छ ।

नेपालमा पनि कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्नका लागि नेपाल कानून आयोगको स्थापना भएको हो । आफ्नो स्थापना पश्चात हालसम्म कानून आयोगले कानूनको क्षेत्रमा आवश्यक कानूनी मसौदा गर्ने र राष्ट्रिय कानूनी प्रणालीलाई समय सापेक्ष तथा परिष्कृत प्रणालीको रुपमा विकास गर्ने प्रयत्न गरिआएको छ । यो क्रम प्रत्येक वर्ष निरन्तर रुपमा चलिरहन्छ र यस आर्थिक वर्षभरी पनि नेपाल

नेपाल कानून आयोग

कानून आयोग आफ्नो जिम्मेवारी पूरा गर्न सक्रिय रह्यो । यस क्रममा कानून आयोगले सम्पादन गरेका कार्यहरू, हासिल प्रगति तथा कार्य सम्पादनका क्रममा देखिएको समस्या र चुनौतीहरूको विवरण समावेश गरी नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ को प्रयोजनका लागि यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

## १.२ नेपालमा कानून आयोगको विकासक्रमः

नेपालमा कानून आयोगको इतिहास वि.सं. २०१० देखि मात्र आधिकारिक रुपमा प्रारम्भ भएको हो । यद्यपि कानून निर्माणका क्रममा समय समयमा विषय–विज्ञहरूको आवश्यक सूझाव लिने कार्य यस अघि नभएको भन्ने होइन । केबल संस्थागत विकासको प्रारम्भ भने सम्वत् २०१० सालबाट नै भएको देखिन्छ ।

मल्लकालिन शासक जयस्थिती मल्लको मानव न्याय शास्त्र होस् वा राजा रामशाहले बाँधेको थिती, यि सबैको निर्माणमा विधिका ज्ञातासँग राय परामर्श गरिएको वर्णन इतिहासमा भेटिन्छ । तत्पश्चात मुलुकी ऐन, १९१० को निर्माणमा समेत कानून तर्जुमा गर्दा विशेषज्ञहरूसँग राय परामर्श गरिएको थियो ।

नेपालमा आधिकारीक रुपमा कानून आयोगको स्थापनाको शुरुवात् मिति २०१०/९/६/१ को मन्त्रिपरिषदको निर्णयबाट भएको व्यहोरा मिति २०१०/११/११ को नेपाल गजेटले उल्लेख गरेको छ । यस अघि नेपाल कानून आयोगको आधिकारीक र प्रमाणित उपस्थिती देखिंदैन ।

नेपाल अन्तरिम शासन विधान, २००७ को दफा २ मा प्रचलित ऐन सवाललाई सकभर चांडै र तत्पश्चात बनाइने ऐन समेत सोही शासन विधानको भाग २ मा उल्लेखित राज्य–नीतिका निर्देशक सिद्धान्तमा ढाल्ने राज्यको लक्ष्य हुनेछ भन्ने उल्लेख भए बमोजिम प्रचलित ऐन, सवाल, सनद, गैह्र छानबिन गरी के कति कुरा उपयुक्त निर्देशक सिद्धान्तसँग बाझिन आउँछ र देशको तत्कालिन आवश्यकताको पूर्तिका लागि कतिपय ऐन बाझिएको अंश तुरुन्तै र कति क्रमशः खारेज र संशोधन गर्न मनासिब पर्ला त्यस कुराको छलफल ठहर गरी देशमा तत्कालिन अवस्थासम्म नभएका तर प्रजातान्त्रिक नेपालको आवश्यकता अनुसार बनाउनुपर्ने नयाँ ऐनको तर्जुमा समेत गरी र एकै विषयको कुरा एकै ठाउँमा नरही विभिन्न स्थानमा कुनै ऐनको कुनै सवालको र कुनै सनदको रुपमा रहेको हुँदा सो सबै ऐन, सनद, सवालहरू एकत्रित गरी अन्तरिम शासन विधान अनुरुप तुल्याउन आवश्यक छानबिन र विवेचना गरी प्रजातान्त्रिक रुपरङ्ग दिई सबै ऐन कानूनको वैज्ञानिक ढङ्गले एकीकरण गरी सरकारमा सिफारिश पेश गर्ने प्रयोजनले एकजना चेयरम्यान र छ जना सदस्य रहने गरी ल कमिशनको गठन भएको

नेपाल कानून आयोग

देखिन्छ । यो ल कमिशनले नेपाल सरकारलाई कानून निर्माणमा यथासक्य सहयोग उपलब्ध गराएको पाइन्छ ।

तत्पश्चात मिति २०१७/६/२७ गतेको श्री ५ को सरकारको निर्णयबाट दोश्रो ल कमिशनको गठन भएको देखिन्छ । त्यसैगरी मिति २०२०/१०/८ को श्री ५ को सरकारको निर्णयबाट तेश्रो कानून आयोगको गठन भएको देखिन्छ र क्रमशः चौथो कानून आयोग मिति २०२९/२/१९ मा र पाँचौं कानून सुधार आयोगको गठन मिति २०३६/८/२६ मा भएको देखिन्छ । तत्कालिन परिस्थितिमा सक्रिय रुपमा कानून निर्माणमा योगदान दिन सफल भएका यी कानून आयोगहरू सबै अस्थायी प्रकृतिका रहेका र निश्चित समयावधिका लागि कार्य गर्न जिम्मेवार रहेको देखिन्छ ।

स्थायी प्रकृतिको पहिलो कानून आयोग श्री ५ को सरकारको मिति २०४१/८/२१ को निर्णयबाट गठन भएको नेपाल कानून सुधार आयोग, २०४१ हो । यस आयोगले २०५७/१/१९ सम्म कार्य गरेको देखिन्छ । तहां उप्रान्त अध्यक्ष विहीन रहेको आयोगले मिति २०५९/११/१६ मा नयां नेतृत्व प्राप्त नहुँदा सम्मका लागि केही समय नेतृत्वको अभाव खेप्नु पर्‍यो ।

यहाँसम्मका अस्थायी वा स्थायी दुवै प्रकृतिका कानून आयोगहरू कार्यकारिणीको निर्णयका आधारमा गठन भएको र विधायन प्रदत्त अधिकारको अभावमा कार्यरत रहेका थिए । नेपाल कानून आयोग ऐन, २०६३ को निर्माण पश्चात प्रथम पटक नेपालमा विधायन प्रदत्त अधिकार रहेको कानून आयोगको निर्माण भएको छ । यो आयोग ऐनको दफा ४ अनुसार गठन हुने र दफा १० र २१ बमोजिमको काम, कर्तव्य, अधिकार भएको अवस्था हुँदा आफ्नो कार्यक्षेत्रको सम्बन्धमा अघिल्ला आयोगहरू भन्दा बढी स्पष्ट र अधिकार सम्पन्न आयोग रहेको अनुमान गर्न कठिनाई हुँदैन ।

नेपाल कानून आयोग

## १.३ प्रतिवेदन अवधिः

मिति २०६९/४/१ देखि २०७०/३/३२ सम्म नेपाल कानून आयोगले गरेका गतिविधी र सो अवधिमा जनशक्ति तथा अन्य स्रोतसाधन एवं आयोगको कार्य प्रभावकारितामा देखिएको स्थितिको सन्दर्भमा केन्द्रित रहेर यो वार्षिक प्रतिवेदन तयार पारिएको छ ।

## १.४ आयोगको काम कर्तव्य र अधिकारः

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा उल्लेख भए अनुसार यस आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :-

- नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संसोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,
- कानूनको संहीताकरणका लागि आवश्यक संहिताको मसौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,
- प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- नयाँ कानून निर्माण गर्ने र आवश्यकतानुसार प्रचलित कानूनमा संसोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मसौदा नेपाल सरकार समक्ष पेश गर्ने,
- हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानब अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको वारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संसोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाब पेश गर्ने,
- अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकतानुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मसौदा वा सुझाव दिने,
- कानूनको तर्जुमा, संहीताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,
- विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मसौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,
- कानून निर्माण प्रक्रियामा आवश्यकतानुसार जनधारणा र राय सुझाब संकलन गर्ने,
- कानूनको मसौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकतानुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,
- अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

नेपाल कानून आयोग

- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरुप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरुप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मसौदा पेश गर्ने,
- आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,
- नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

त्यसैगरी नेपाल कानून आयोगको मिति २०६९/७/२१ को निर्णयानुसार नेपाल कानून आयोगलाई कानून निर्माणको क्रममा नेपाल सरकारले संलग्न गराउन सक्ने ऐनको दफा २१ को प्रावधानलाई क्रियाशील तुल्याउन अब उप्रान्त निम्न विषय र प्रकृतिका कानून निर्माणको लागि नेपाल कानून आयोगलाई कानून तर्जुमाको जिम्मेवारी दिने मापदण्ड स्थापित गर्नुपर्ने भएकोले देहायमा उल्लिखित कुनै एक वा सोभन्दा बढी मापदण्डभित्र परेको विषयमा नेपाल कानून आयोगलाई कानून तर्जुमाको जिम्मेवारी दिने विषयमा नेपाल सरकारका सम्पूर्ण मन्त्रालय तथा केन्द्रीयस्तरका निकायहरूमा परिपत्र जारी गर्न मिति २०६९/७/२१ को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरिएको थियो ।

नेपाल कानून आयोग

- विभिन्न सरकारी निकाय तथा व्यवसायिक समूहको हित वा स्वार्थ समावेश भएको वा हुने विषय,
- सारभूतरुपमा सरकारको दीर्घकालीन प्रतिवद्धता रहने वा दीर्घकालीन प्रभाव पार्ने विषय,
- कुनै विद्यमान कानूनलाई आधारभूतरुपमै पुनरावलोकन गर्नुपर्ने विषय,
- व्यापकरुपमा आमधारणा बुझ्नुपर्ने वा गहन कानून तथा व्यवसायिक विशेषज्ञको परामर्श आवश्यक हुने विषय,
- मन्त्रालय वा सरकारका अन्य केन्द्रीय स्तरका निकायहरूबाट स्वतन्त्र रहेर तर्जुमा गर्नु पर्ने विषय,
- विशुद्ध कानूनी तथा न्यायिक विषयवस्तु समावेश भएको विषय वा स्वतन्त्र भूमिकाका आधारमा निर्माण गर्नुपर्ने विषय,

कानून आयोगको उक्त पत्र उपर नेपाल सरकारले सकारात्मक निर्णय गरी सो बमोजिम हुनका लागि मन्त्रालयहरूलाई पत्राचार गरेको छ । सो सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. १४२ (कानून) मिति २०६९/८/८ को पत्रबाट


www.lawcommission.gov.np

नेपाल सरकारका सबै मन्त्रालयहरूमा सोही व्यहोरा जनाइ गरिएको परिपत्रको वोधार्थ प्राप्त हुन आएबाट नेपाल कानून आयोगको जिम्मेवारी अब थप स्पष्ट हुन गएको छ ।

## १.५ नेपाल कानून आयोगको गठन र संरचनाः

नेपाल कानून आयोग ऐन, २०६३ अनुसार स्थापना भएको आयोगको समग्र संरचनाको गठन प्रक्रिया ऐनको दफा ४ मा व्यवस्था गरिएको छ । आयोगमा अध्यक्ष सहित ९ सदस्यीय आयोग रहने व्यवस्था छ । आयोगको प्रशासकीय काम, कारवाही व्यवस्थापनका लागि सचिवको नेतृत्वमा आयोगका कर्मचारी कार्यरत रहन्छन् । अन्य कर्मचारीको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४, निजामती सेवा ऐन, २०४९ र अन्य प्रचलित नेपाल कानून बमोजिम व्यवस्थापन कार्य गरिन्छ ।

नेपाल कानून आयोगको जनशक्तिको उपलब्धता हेर्दा कार्यक्षेत्रसँग खासै सामञ्जस्यता भएको अवस्था होइन । मूलभुत रुपमा नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० र केही अवस्थामा ऐ. ऐनको दफा २१ बमोजिम कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्नको लागि स्थापना भएको नेपाल कानून आयोगमा कानून तथा आवश्यक अन्य क्षेत्रका विज्ञहरूको दरवन्दी आवश्यक हुनु पर्ने हो । तर कानून आयोगमा उपलब्ध जनशक्तिको समग्र आंकलन गर्दा आवश्यकता बमोजिमको विज्ञताको पूर्णतः अभाव छ । कुल २२ जना कर्मचारी रहेको आयोगमा नेपाल न्याय सेवा, कानून समूहका कर्मचारीको दरबन्दी जम्मा ७ रहेको छ भने सो दरबन्दी संरचना हेर्दा समानान्तर रुपमा तल देखि माथि सम्म रहेको पाइन्छ, जुन कुरा तल प्रस्तुत गरिएको दरबन्दीको तालिकाबाट ज्ञात हुन्छ । साथै नेपाल कानून आयोगमा कानून निर्माणको अवधारणाको विश्लेषण देखि कानूनको निर्माण पछि सम्म समग्र प्रक्रियाको अभिन्न अङ्गको रुपमा रहेको मानवशास्त्रीय/समाजशास्त्रीय विश्लेषण र आर्थिक विश्लेषण गर्ने विज्ञ कर्मचारीको दरबन्दी आयोगमा हालसम्म पनि सिर्जना गर्न सकिएको छैन । उक्त पृष्ठभूमीमा नेपाल कानून आयोगको दरबन्दी संरचना पुनर्मूल्याङ्कनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने अवस्था रही नै रहेको छ । यसरी सर्वेक्षण गर्दा यस आयोगको संगठनको कार्यप्रकृति र कार्यबोझसँग अमिल्दो वर्तमान दरबन्दी संरचनाले ल्याएको असामञ्जस्यतालाई हटाई कार्यमुलक संगठन संरचना निर्माण हुनुपर्ने कुरालाई ध्यान दिनु जरुरी छ ।

आयोगका पदाधिकारी तथा अन्य कर्मचारी दरबन्दीको सम्बन्धमा तल विभिन्न शिर्षक अन्तर्गत थप चर्चा गरिएको छ ।



www.lawcommission.gov.np

## १.६ आयोगको विद्यमान संगठन संरचना र दरबन्दी विवरणः

### १.६.१ विद्यमान दरबन्दीको अवस्थाः

नेपाल कानून आयोगको संगठन संरचनामा आयोग बाहेक अन्य निजामती कर्मचारीहरू समेत रहेका छन् । नेपाल कानून आयोगमा रहेको निजामती कर्मचारीहरूको दरबन्दीको वर्तमान अवस्था निम्न बमोजिम रहेको छः

| क्र.सं | पद | सेवा/समूह | श्रेणी | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १. | सचिव | न्याय | विशिष्ट | १ | |
| २. | सह–सचिव | न्याय/कानून | रा.प.प्रथम | २ | १ रिक्त |
| ३. | उप–सचिव | न्याय/कानून | रा.प.द्वितीय | २ | |
| ४. | शाखा अधिकृत | न्याय/कानून | रा.प.तृतीय | २ | |
| ५. | लेखापाल | प्रशासन/लेखा | रा.प.अनं.प्रथम | १ | |
| ६. | ना.सु. | प्रशासन/सा.प्र. | रा.प.अनं.प्रथम | ४ | १ रिक्त |
| ७. | कम्प्युटर अप्रेटर | विविध | रा.प.अनं.प्रथम | २ | १ रिक्त |
| ८. | ह.स.चालक | ईञ्जि./मे./ज.मेकानिक | – | ३ | |
| ९. | का.सहयोगी (स्वीपर समेत) | | – | ५ | |
| | **जम्मा** | | | २२ | |

निजामती सेवा ऐन, २०४९ को दफा २४(घ)(१) बमोजिम कार्यसम्पादनको मूल्यांकन तथा अनुभवको आधारमा बढुवा भएका निजामती कर्मचारीहरूको समायोजन गर्नुपर्ने भएपछि नेपाल कानून आयोगले पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यदल गठन गरेको थियो । सो कार्यदलको प्रतिवेदनमा केही नयाँ दरवन्दी प्रस्ताव आयोगले गरेको थियो । सामान्य प्रशासन मन्त्रालयबाट हाल स्वीकृत भएको नेपाल कानून आयोगको दरबन्दी संरचना आगामी आर्थिक वर्ष देखि त्यही नै अवस्थाको पुनरावृत्ति हुने हो, जुन निम्न बमोजिम हुनेछः

| क्र.सं | पद | सेवा/समूह | श्रेणी | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १. | सचिव | न्याय | विशिष्ट | १ | |

नेपाल कानून आयोग

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सह–सचिव | न्याय/कानून | रा.प.प्रथम | २ | १ रिक्त |
| ३. | उप–सचिव | न्याय/कानून | रा.प.द्वितीय | २ | |
| ४. | शाखा अधिकृत | न्याय/कानून | रा.प.तृतीय | २ | |
| ५. | लेखा अधिकृत | प्रशासन/लेखा | रा.प.तृतीय | १ | |
| ६. | कम्प्युटर अधिकृत | विविध | रा.प.तृतीय | १ | |
| ७. | ना.सु. | प्रशासन/सा.प्र. | रा.प.अनं.प्रथम | ३ | १ रिक्त |
| ८. | कम्प्युटर अप्रेटर | विविध | रा.प.अनं.प्रथम | १ | १ रिक्त |
| ९. | ह.स.चालक | ईञ्जि./मे./ज.मेकानिक | – | ३ | |
| १०. | का.सहयोगी (स्वीपर समेत) | | – | ५ | |
| **जम्मा** | | | | २१ | |

यस आयोगमा कार्यरत कर्मचारीहरुको नामावली अनुसूची-२ मा उल्लेख गरिएको छ ।

### १.६.२ विद्यमान संगठन संरचनाः

निजामती सेवा ऐन, २०४९ को दफा २४(घ)(१) बमोजिम कार्यसम्पादनको मूल्याङ्कन तथा अनुभवको आधारमा बढुवा भएका निजामती कर्मचारीहरूको दरवन्दी समायोजन तथा व्यवस्थापन गर्नुपर्ने कानूनी दायित्व अनुरुप आयोगमा पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यदल गठन गरिएको थियो । सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएको दरबन्दीको आधारमा अब आगामी आर्थिक वर्षको लागि नेपाल कानून आयोगको संगठन संरचना निम्न बमोजिम हुनेछः

नेपाल कानून आयोग




माथि उल्लेखित हालको संरचना र विगतमा रहेको संगठनात्मक संरचनामा आयोगलाई उपलब्ध जिम्मेवारी निर्वाह गर्न प्रायः असम्भव छ, यदि यथार्थमा आयोगले उपलब्धिमूलक कार्यहरूको जिम्मेवारीपूर्ण सञ्चालन गर्ने अठोट गर्दछ भने यस विषयलाई आयोगले अत्यन्त महत्व दिएको छ र आगामी आर्थिक वर्षबाट सम्भवतः आयोगले विद्यमान आयोगको संगठनात्मक पुनर्संरचना गर्नेछ जसबाट आयोगले औचित्यपूर्ण कार्य सम्पादन गर्न सक्नेछ । यसका लागि आयोगमा केही दरवन्दी थप गर्नु पर्ने आवश्यकता रहन्छ ।

### १.६.३ आयोगका बहालवाला पदाधिकारीः

नेपाल कानून आयोगका पदाधिकारीहरूको नियुक्ती नेपाल कानून आयोग ऐन, २०६३ को दफा ४ बमोजिम हुन्छ । कानून आयोगको गठनको प्रक्रिया निम्न बमोजिम रहेको छः

| सि.नं. | पद | नियुक्ति प्रक्रिया | पदवधि |
|---|---|---|---|
| १. | अध्यक्ष | नेपाल सरकारबाट नियुक्त र पूर्णकालीन | ५ वर्षको कार्यकाल |
| २. | उपाध्यक्ष | नेपाल सरकारबाट नियुक्त र पूर्णकालीन | ५ वर्षको कार्यकाल |
| ३. | सदस्य | कम्तिमा एकजना महिला सहित ३ जना नेपाल सरकारबाट मनोनीत | २ वर्षको कार्यकाल |
| ४. | सदस्य | सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | पदेन |
| ५. | सदस्य | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | पदेन |
| ६. | सदस्य | सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | पदेन |
| ७. | सदस्य–सचिव | सचिव, नेपाल कानून आयोग | पदेन |

उपरोक्त बमोजिम गठन हुने भनिएको नेपाल कानून आयोगका पदाधिकारीहरूको विद्यमान अवस्था निम्न बमोजिम रहेको छः

| पदाधिकारीको नाम | पद | नियुक्ति मिति |
|---|---|---|
| श्री उमेशचन्द्र झा | अध्यक्ष | २०६८/९/२१ |
| श्री प्रचण्डराज प्रधान | उपाध्यक्ष | २०६८/९/२१ |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| *श्री विष्णुकुमार शाह | सदस्य | २०६८/२/१६ |
| *श्री विश्वप्रकाश भण्डारी | सदस्य | २०६८/२/१६ |
| *श्री सुजन तामाङ | सदस्य | २०६८/२/१६ |
| श्री भेषराज शर्मा | पदेन सदस्य (सचिव– कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय) | |
| श्री राजुमान सिंह मल्ल | पदेन सदस्य (सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय) | |
| श्री सूर्यप्रसाद कोइराला | पदेन सदस्य (नायव–महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय) | |
| श्री राजेन्द्र किशोर क्षेत्री | सदस्य–सचिव | २०६९/४/३ |

***आयोगमा नेपाल सरकारबाट मनोनीत हुने एक जना महिला सहित ३ जना सदस्यको पद मिति २०७०।२।१५ देखि रिक्त रहेको छ ।**

नेपाल कानून आयोग

# परिच्छेद २

## आयोगको उद्देश्य र कानूनको शासनलाई संस्थागत गर्ने तर्फका प्रयत्नहरू

### २.१ आधारभूत उद्देश्यः

नेपाल कानून आयोगको आधारभूत उद्देश्य कानूनी प्रणाली निरन्तर सुदृढीकरणका लागि कानूनको अध्ययन अनुसन्धान लगायत आवश्यक कानूनी दस्तावेजको मस्यौदा नै तयार गर्नु हो । विक्रम सम्वत् २०१० मा जुन उद्देश्यको लागि ल कमिशनको गठन गरिएको थियो, त्यो आधारभूत उद्देश्यमा कुनै पनि सारभूत परिवर्तन भने आएको छैन । तथापी कानून र कानूनी प्रणाली प्रतिको नेपाल कानून आयोगको दृष्टिकोणमा भने यस अवधिमा व्यापक परिवर्तन आएको अवस्था छ ।

पहिलो ल कमिशनको गठन पश्चात विश्व परिदृश्य र राष्ट्रिय आर्थिक–सामाजिक प्रणालीमा देखिएको परिवर्तनलाई आत्मसात गर्दै निरन्तर बदलिंदो परिवेशका मागहरूलाई सम्बोधन गर्ने कानूनको निर्माणबाट सक्षम प्रणालीको विकास नै अहिलेको अवस्थामा नेपाल कानून आयोगको प्रमुख जिम्मेवारी र चुनौती हो । नेपाल कानून आयोगको यो उद्देश्यको पहिचान यसको कार्य प्रणालीमा समेत गर्न सकिन्छ । नेपाल कानून आयोगले कानून मसौदा सम्बन्धी गतिविधिमा सरोकारवालाको व्यापक सहभागितालाई अहिले बढी प्राथमिकतामा राखेको छ । यसबाट कानूनी प्रणालीमा देखिएको मागको सामाजिक तथा नागरिक पक्षबाट विश्लेषणमा सहायता मिल्छ र औचित्यपूर्ण कानूनको निर्माणबाट कानूनको परिपालनामा नागरिक सहभागितामा विस्तार आउँछ ।

नेपाली कानून प्रणालीको गरिमाप्रति विश्वसनीयता कायम गर्न नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूलाई आवश्यक पर्ने क्षेत्रगत विषयमा कानूनको निर्माणका लागि तर्कपूर्ण र सिद्धान्तमा आधारित कानूनी मसौदा निर्माण गर्ने अग्रसरता र नेतृत्वका निम्ति आयोग जिम्मेवार रहेको छ । आयोगको उद्देश्य नेपाल सरकारलाई नेपाली कानूनको सुधार तथा विद्यमान कानूनमा निष्कृय, द्विविधायुक्त तथा भेदभावपूर्ण कानूनी प्रावधानको संशोधन वा खारेजी सम्बन्धमा महत्वपूर्ण सुझाव उपलब्ध गराउनु हो । आयोगको प्रमुख उद्देश्य भनेको नेपाली कानूनको गुणस्तरीयता, सान्दर्भिकता र प्रभावकारितामा सुधार ल्याउनु हो । नेपाल कानून आयोगले आर्थिक वर्ष २०६९/७० का आफ्ना गतिविधिहरू यिनै उद्देश्य प्राप्ति तर्फ लक्षित गरेको थियो ।

नेपाल कानून आयोग

## २.२ कानूनको शासनलाई संस्थागत गर्ने तर्फका प्रयत्नहरू:

नेपाल कानून आयोगको मुलभूत उद्देश्य नै कानूनको अध्ययन अनुसन्धान र आवश्यकतानुसार कानूनको निर्माण गर्नु हो । तसर्थ कानूनको शासनको अवधारणा र त्यसको पक्षपोषण स्वभावतः कानून आयोगको कार्यक्षेत्र भित्र पर्न आउने हुन्छ । नेपाल कानून आयोगले विगतका वर्षहरूमा भैँ यस आर्थिक वर्षमा पनि कानूनको शासनलाई संस्थागत गर्ने तर्फ आफ्ना प्रयत्नहरू केन्द्रित गरेको थियो । आयोगले यस वर्ष कानूनको शासनलाई संस्थागत गर्ने तर्फ गरेका प्रयासहरू निम्न बमोजिम रहेका छन्:

### २.२.१ कानूनको शासनलाई संस्कृतिको रुपमा विकास गर्ने:

कानूनको शासनले स्वभावतः कानूनको सर्वोपरिता र परिपालनाको आवश्यकता औंल्याउँदछ । त्यस अर्थमा कानूनको शासनले वृहत कानूनी पूर्वानुमानको विद्यमानता आवश्यक ठान्दछ र कानून भन्दा माथि कोही पनि छैन भन्ने सिद्धान्तको मान्यतामा आधारित हुन्छ । कानूनको शासन संक्रमणकालको सर्वाधिक महत्वपूर्ण अवयव र कठिनाईपूर्ण घटनाक्रमको एक आवश्यक विषय हो । कानूनको शासन सम्बन्धी विद्यमान संरचनाहरू हुँदाहुँदै पनि नेपालले यसलाई जगदेखि सुधार अभियान पुनः प्रारम्भ गर्नु आवश्यक छ । त्यो प्रक्रियाको प्रारम्भ कानूनको शासनलाई संस्कृतिको रुपमा विकास गर्ने प्रयत्नबाट गरिनु आवश्यक छ । कानूनको शासनका लागि सहयोगी संस्कृतिको विकास तब मात्र सम्भव हुन्छ जब त्यो वृहत सहयोगले मूर्तता प्राप्त गर्दछ र बहुसंख्यक नागरिकले प्रजातान्त्रिक शैलीको कानूनको शासनलाई सर्बसम्मत स्वीकार गर्दछन् र आफ्नो आचरणमा कानून सम्मत मान्यताहरूसँग सादृश्य व्यवहार गर्दछन् । वास्तवमा कानूनको शासनले संस्कृतिको रुपमा सशक्त हुन तब प्रारम्भ गर्नेछ जब नागरिकले सरकार आफूप्रति उत्तरदायी रहेको तथा राजनैतिक नेतृत्वले कानूनको शासनको सम्मान गरेको र आफूलाई कानूनभन्दा माथि नरहेको स्वीकार गर्दछन् । नेपालमा कानून सुधारका समग्र क्षेत्रहरू गहन अध्ययन र छलफलको विषय रहेको र कानून तर्जुमाको कार्यमा पनि त्यसरी नै व्यापक प्रयत्नको माग भइरहेको छ भन्ने नेपाल कानून आयोगको विश्लेषण रहेको छ । सुधारका सबै प्रयासहरू एकैपटकमा सम्पन्न हुने विषय नभएकाले क्रमिकरुपमा गर्दै जानु आवश्यक छ । तथापी सफलताको लागि भने समाजका समग्र पक्षहरूबाट व्यापक समर्थन आवश्यक हुन्छ ।

यी र यस्तै विचारहरूलाई मनन गर्दै नेपाल कानून आयोगले यस वर्ष नागरिकमा कानूनी प्रणालीको ज्ञानको विकास गर्नु आवश्यक रहेको कुरालाई

नेपाल कानून आयोग

अध्ययनमा लिएको थियो । आम नागरिकमा कानूनी प्रणालीको ज्ञान र सो प्रतिको सम्मानको विकासबाट मात्र कानूनको शासनलाई संस्कृतिको रुपमा विकास गर्न सकिने विषयमा कानून आयोग स्पष्ट रहेको छ । त्यसैले विद्यालय तह देखि नै कानून र कानूनी प्रणालीको बारेमा केही न केही ज्ञानको प्रवाह गर्न सकियो भने त्यसबाट सामाजिक संरचनाका समग्र अवयवहरूमा कानूनी प्रणाली प्रतिको चेतनाको विस्तार हुने र कानूनको शासनलाई संस्थागत गर्ने तर्फ सहयोग पुग्ने आयोगको निष्कर्ष छ ।

नेपाल कानून आयोगले आगामी आर्थिक वर्ष २०७०/७१ देखि सरोकारवालाको सहभागितामा विद्यालय तहमा कानूनी ज्ञानको विस्तारका लागि आवश्यक पाठ्यक्रम र अन्य विषयवस्तुको निर्धारण प्रारम्भ गर्ने प्रयोजनार्थ यस वर्ष विभिन्न सरोकारवालाहरूसँग अनौपचारिक छलफलको माध्यमबाट आम सहमति निर्माण गरिसकेको छ । मूलतः यसबाट कानूनको शासनलाई संस्थागत गर्नेतर्फ विराट योगदानको अपेक्षा आयोगले गरेको छ ।

### २.२.२ कानूनको संशोधन सम्बान्धमा सरकारलाई सुझाबः

आयोगले नयाँ विधायनको निर्माणमा आवश्यक गुणस्तरीय मापकहरूको प्रवर्द्धन गर्दै जाँदा अन्त्यतः सरकारलाई कानून निर्माणका सम्बन्धमा व्यापक सल्लाहकारी सेवा उपलब्ध गराएको अनुभूत हुनेछ । यथार्थमा आयोगले कुनै विशिष्ट विधायनको माध्यमबाट सरकारलाई कानूनी तथा नीतिगत सुझाव उपलब्ध गराउँछ ।

नेपाल कानून आयोगलाई कानूनको पुनरावलोकन गर्न सक्ने जिम्मेवारी सुम्पिएको अवस्थामा प्रचलित कानूनको परिमार्जन गर्न र कानूनको कार्यान्वयनयोग्य मसौदा निर्माण तर्फ लक्षित हुनु आयोगको प्रमुख दायित्व पनि हो ।

त्यसै प्रयोजनका लागि यस आयोगले निष्कृय र विवादास्पद कानूनी प्रावधानहरूको खारेजी तथा सम्भव भएजति सम्म परिस्कृत कानूनी खाकाको निर्माणका लागि नेपाली कानूनहरूको वृहत पुनरावलोकनको कार्य अघि वढाएको छ । उक्त अध्ययन बमोजिमका सिफारिशहरूलाई कार्यान्वयन सम्भाव्यता लगायतका अन्य औचित्यहरूको विश्लेषण पश्चात यस आयोगले क्रमशः नेपाल सरकार समक्ष आगामी वर्षहरूमा सिफारिश गर्दै जानेछ ।

नेपाल कानून आयोग

त्यसै गरी सरकारलाई कानूनको शासन र सक्षम कानूनी प्रणालीको विकासका लागि आवश्यक सुझाव उपलब्ध गराउने थप प्रयास स्वरुप अदालतबाट न्यायिक पुनरावलोकनको क्रममा जारी भएका आदेशहरूको कार्यान्वयनको समेत अध्ययन प्रारम्भ गरिएको छ । सो कार्य हाल अध्ययनको क्रममा रहेको छ र त्यसको अध्ययन तथा विश्लेषण पश्चात आवश्यक सुझाव नेपाल सरकार समक्ष प्रस्तुत गरिनेछ ।

### २.२.३ नेपाली कानून सम्बन्धी सूचना प्रवाहः

आयोगलाई नेपाली कानूनको सूचना सङ्कलन गरी प्रवाह गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नका लागि कुनै स्पष्ट विधायिकी दायित्व निर्धारण भएको अवस्था नभएतापनि ऐनको दफा १० को खण्ड (ढ) मा आयोगले आवश्यक सम्झेको न्याय वा कानूनसँग सम्बन्धित कार्य गर्न सक्ने भन्ने व्यवस्था रहेको छ । आयोगले आमनागरिकका लागि नेपाली कानूनमा सहज पहुँच स्थापित गर्न आफ्नो वेबसाइट मार्फत कानूनी दस्तावेजहरू प्रकाशन तथा अद्यावधिक समेत गर्दै आइरहेको छ । पुराना प्रतिवेदन तथा विभिन्न सुझाव प्रतिवेदनहरू आयोगको अभिलेखालयमा रहेका छन् । यस आयोगले जनसाधारण तथा सरोकारवालालाई कानूनमा पहुँच सरल र सुलभ उपलब्ध गराउन यस कार्यको प्रारम्भ गरेको हो र यसलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ । यसबाट आम जनमानसमा कानूनको सूचना प्राप्तिबाट लाभान्वित भएको छ र यसले कानूनको शासनलाई संस्कृतिको रुपमा स्थापित गर्न सर्वथा मद्दत पुऱ्याएको छ । यसदेखि बाहेक आम नागरिकलाई सम्बन्धित कानूनको जानकारी रहनै पर्ने विधिशास्त्रीय मान्यतालाई  यस आयोगले कानून सम्बन्धी सूचना र सामग्रीहरूको विद्युतीय माध्यमबाट प्रवाह गराई त्यसको सहज कार्यान्वयनमा सहयोग पुऱ्याएको  छ ।

### २.२.४ कानून सुधार सम्बन्धमा आयोगको प्रयासः

आयोगलाई नेपालको कुनै कानूनमा सुधारको लागि आवश्यक पुनरावलोकन, संशोधन वा नयाँ कानूनको निर्माणका लागि आवश्यक प्रस्ताव तयार गरी सुझाव प्रस्तुत गर्ने कानूनी हैसियत प्राप्त छ । मुलुकमा प्रचलित सबै कानूनहरूका सम्बन्धमा पुनरावलोकन गर्ने प्रमुख जिम्मेवारी आयोगलाई दिइएको छ । नयाँ कानुनको निर्माणका लागि वा भइरहेको कानूनमा संशोधनका लागि पेश गरिने मसौदाका सम्बन्धमा सरकार र विधायिकाको कार्य र



www.lawcommission.gov.np

नेपाल कानून आयोग

निर्णयहरूमा आयोगले सहयोग पुऱ्याउनु नितान्त आवश्यक भैसकेको आयोगको बुझाई छ । आयोगको भूमिकालाई त्यस पृष्ठभूमिमा सक्रिय नबनाइएमा अब कानूनको विधिवत निर्माण सरकारले बनाउने आन्तरिक निर्देशिकाले प्रतिस्थापन गर्न सक्ने गम्भिर अवस्था व्यापक रुपमा वृद्धि भएको आयोगले महसुस गरिरहेको छ ।

आयोगले यस वर्ष विधायन तर्जुमाको कार्यमा सरोकारवाला निकायहरूको सहभागितालाई अत्यधिक प्राथमिकतामा राखेको थियो । कानूनी मसौदा गर्ने प्रयोजनका लागि गठन गरिने कार्यदलहरूको लागि कार्यादेश निर्धारण गर्दा यस आयोगले अन्तर्राष्ट्रिय कानूनी मान्यताहरूको अध्ययनलाई एउटा अभिन्न शर्तको रुपमा समावेश गर्ने गरेको छ । यसबाट राज्यको प्रतिबद्धता र सरोकारवालाहरूको हित विपरितका कानूनहरूको निर्माण हुन नसक्ने अवस्था आउने यस आयोगको विश्वास रहेको छ ।

### २.२.५ कानून निर्माणमा एकरुपताको प्रयासः

नेपाली कानूनी प्रणालीमा हालसम्म कहांबाट कति र कसरी कानून निर्माण गर्ने भन्ने सम्बन्धमा कुनै पनि स्पष्ट व्याख्या र व्यवस्था भएको देखिंदैन । त्यसबाट नेपालमा बनेका कानूनहरूको बीचमा एकरुपता नरहेका कारणले गर्दा कार्यान्वयनमा जटिलता आएको देखिन्छ । त्यसैले नेपाल कानून आयोगले कानून निर्माणमा विज्ञताको भूमिका र एकरुपताको सुनिश्चितताको लागि प्रयत्न गरी आएको छ । राज्यबाट निर्माण भएको कानूनहरूको केन्द्रिय अभिलेखन तथा तिनको निर्माणमा नेपाल कानून आयोगको सहभागिताबाट नेपालमा कानून निर्माणको प्रक्रियामा एकरुपता र कानूनमा हुनुपर्ने न्यूनतम गुणस्तरको सुनिश्चितता कायम गर्न सकिने यस आयोगले ठानेको छ र त्यस तर्फ प्रयत्न समेत गरिरहेको अवस्था छ । नेपालमा बनेका नियम, विनियम लगायतका कानूनहरूको केन्द्रिय अभिलेखनको आवश्यकताको सन्दर्भमा आगामी वर्षहरूमा सरोकारवालाहरूको बीचमा मतैक्यता कायम गर्दै अभिलेखन निकायको पहिचान गर्नुपर्ने विषयलाई यस वर्ष यस आयोगले पहिचान गरेको छ र आगामी वर्षहरूमा त्यस तर्फ प्रयत्न प्रारम्भ गरिनेछ ।

यसै प्रयोजनका लागि आयोगले आफूले विधायन मसौदाको कार्यमा विद्यमान कानूनहरू र कानूनी अभ्यासको अध्ययन र विश्लेषणलाई मसौदा प्रक्रियाको अभिन्न अङ्गको रुपमा अंगिकार गरेको छ । यसबाट कानून निर्माणमा गुणस्तर र एकरुपता कायम गर्न सकिने अपेक्षा आयोगको रहेको छ ।

नेपाल कानून आयोग

कानून निर्माणको प्रक्रियामा एकरुपताको माध्यमबाट गुणस्तर कायम गर्ने सम्बन्धमा यस आयोगले केही निश्चित विषयहरूमा यस आयोगको सहभागिता आवश्यक रहेको पहिचान गरेर नेपाल सरकारलाई सुझाव उपलब्ध गराएको थियो । यस आयोगको चासो र सो को महत्वलाई मनन गर्दै नेपाल सरकारले आफ्ना निकायहरूलाई कानून तर्जुमाको सम्बन्धमा पालन गर्नुपर्ने मापदण्ड निर्धारण गरेर सो बमोजिम गर्नका लागि पत्राचार समेत गरेको छ । नेपाल कानून आयोग सम्पूर्ण सरोकारवालाहरूलाई मिति २०६९/८/८ मा निर्धारण भएको मापदण्डमा ध्यान दिनुका साथै विचाराधीन कानूनको सम्बन्धमा तिनीहरूको सरोकार र चासो नेपाल कानून आयोगमा प्राप्त हुने र यसबाट कानून निर्माणमा गुणस्तर अभिवृद्धि गर्न सकिने कुरामा कानून आयोग विश्वस्त रहेको छ ।

### २.२.६ कानून निर्माण प्रक्रियामा आवश्यक सिद्धान्तको उपयोग तथा अन्तर्राष्ट्रिय दायित्वको सम्बोधन

नेपाल कानून आयोग राष्ट्रिय कानूनी प्रणालीमा स्थिरता तथा आमजनमानसमा कानूनी प्रणाली प्रति विश्वासको निर्माण गर्ने तर्फ आफ्नो भूमिका परिचालन गर्नु पर्ने कुरामा दृढ निश्चयी रहेको छ । त्यसबाट कानूनको शासनको अवधारणालाई संस्कृतिको रुपमा विकास र स्थापित गर्न सहयोग पुग्ने यस आयोगको बुझाई छ । नेपाल कानून आयोगले यस वर्ष गरेका कार्यहरूमा न्याय तथा कानूनका प्रचलित सिद्धान्तहरूको परिपालना, सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरूको अनुशरण, तथा राज्यले सहमति वा स्वीकृति वा अनुमोदन गरेका अन्तर्राष्ट्रिय स्तरका प्रतिबद्धताहरूलाई सम्बोधन गरी सार्थक कार्यान्वयन गर्ने प्रयास गरेको छ ।

नेपाल कानून आयोगले विद्यमान कानूनी प्रणालीमा रहेका कतिपय निष्क्रिय कानूनहरू तथा एकै विषयमा एक भन्दा बढी कानून बनेको अवस्थाको अध्ययन गरेको छ । यसबाट नेपाली कानूनी प्रणालीमा कानून निर्माणको आवश्यकताको पहिचानमा सहजता आउने अपेक्षा आयोगले गरेको छ । साथै उक्त अध्ययनबाट नेपाली कानूनी प्रणालीमा कानून निर्माण गर्दा अवलम्बन गरिने कानून तर्जुमाका मान्य सिद्धान्तहरूको अवस्थाको विश्लेषणमा समेत सहयोग पुग्ने अपेक्षा यस आयोगले गरेको छ । उक्त अध्ययनको सम्बन्धमा थप कुराहरू पछिल्ला परिच्छेदहरूमा चर्चा गरिनेछन् ।

नेपाल कानून आयोग

सो बाहेक नेपाल कानून आयोगले सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनको अवस्था अध्ययन समेत गरेको छ । यसबाट कार्यान्वयन भएका र कार्यान्वयन हुन बाँकी रहेका फैसलाहरूको जानकारी हुने पक्ष त छँदैछ, सर्वोच्च अदालत नेपाली कानूनी प्रणालीको बारेमा के अवधारणा राख्छ भन्ने विषय समेत बुझ्न सहयोग पुग्ने आगामी दिनहरूमा न्यायपालिकाले अपेक्षा गरेको सिद्धान्त परिपालनाको अवस्थालाई समेत सम्बोधन गर्न सकिने अपेक्षा यस आयोगले गरेको छ ।

२.२.७ **कानून निर्माणमा जनसहभागिताः**

नेपाल कानून आयोगले कानून निर्माणको प्रक्रियामा यस प्रक्रियाको मुलधारबाट तुलनात्मक रुपमा टाढा रहेकाहरूको पनि सहभागिता हुनुपर्ने कुराको यस वर्ष पहिचान गरेको छ । यसबाट कानूनको शासनलाई थप टेवा पुग्ने धारणा यस आयोगको रहेको छ ।

यस वर्ष देखि नेपाल कानून आयोगले कुनै विषयमा कानूनको आवश्यकता रहेको वा कुनै विद्यमान कानूनी व्यवस्थामा संशोधनको आवश्यकता देखिएको भनी सर्वसाधारण जोसुकैले पनि आफ्नो अध्ययन प्रतिवेदन सहित आयोगमा आएमा यस आयोगले सोलाई सम्बोधन गर्ने भन्ने मान्यताको विकास गरेको छ । यस वर्ष पनि आयोगमा आएका सरोकारवालाहरूसँग आयोगले छलफल गरेको छ । ती मध्ये विज्ञापन सम्बन्धी स्पष्ट कानूनी प्रावधानहरूको अभाव रहे/नरहेको तर्फ अध्ययन गर्नका लागि आगामी वर्ष केही गर्ने अपेक्षा आयोगले गरेको छ ।

त्यसै गरी यस आयोगले “समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (CWISH)” नामक संस्था र बाल अधिकारको क्षेत्रमा कार्यरत केही अग्रज समाजसेवीहरूले प्रस्तावित अपराध संहिताको यौनजन्य हिंसा सम्बन्धी खण्डहरू उपर पुनरावलोकन आवश्यक रहेको धारणा यस आयोग समक्ष व्यक्त गरेपश्चात यस आयोगले उक्त खण्डहरूको पुनरावलोकनका लागि कार्यदल गठन गरी अध्ययन कार्य प्रारम्भ गरेको छ ।



www.lawcommission.gov.np
नेपाल कानून आयोग

# परिच्छेद ३

# नेपाल कानून आयोगबाट आ. व. २०६९/७० मा सम्पादित प्रमुख कार्यहरू

## ३.१ सम्पादित कार्यहरूको विवरण

नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम यस आयोगलाई प्राप्त काम, कर्तव्य र अधिकार अनुरुप आयोगले विभिन्न विधेयकको तयारी तथा कानूनी विषयमा सरोकारवालासँग अन्तरक्रिया लगायतका कार्यहरू यस आर्थिक वर्षमा सम्पन्न गरेको छ । आयोगले आ. व. २०६९/७० मा सम्पादन गरेका कार्यहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

### ३.१.१ राष्ट्रिय सतर्कता आयोगको विधेयक मसौदा परिमार्जन कार्यदल

नेपाल कानून आयोगले विगत वर्षहरूमा नै नेपाल सरकारको अनुरोध बमोजिम राष्ट्रिय सतर्कता आयोगको विधेयक तयार गरी नेपाल सरकार समक्ष आवश्यक रायका लागि प्रस्तुत गरेको थियो । तर भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद ४ अन्तर्गत दफा ३७ र ३८ मा व्यवस्थित गरिएको काम, कर्तव्य र अधिकार भित्र सिमित रहेको राष्ट्रिय सतर्कता केन्द्रलाई आयोगको स्वरुप दिइए तापनि त्यस मसौदा विधेयकमा सतर्कता आयोगको अधिकार क्षेत्रमा खासै विस्तार हुन सकेको अवस्था थिएन । तसर्थ, उक्त विधेयक परिमार्जन गरेर काम, कर्तव्य र अधिकारमा केही विस्तार गर्नुपर्ने खालका प्रसंगहरू उठान भएको हुँदा सो विषयमा सुक्ष्म अध्ययन गर्न मिति २०६९/८/१७ को निर्णयानुसार विधेयक मसौदा परिमार्जन कार्यदल गठन भएको थियो । यो कार्यदलको कार्यक्षेत्र मूल रुपमा निम्न २ कुराहरूमा केन्द्रित रहेको थियोः-

- राष्ट्रिय सतर्कता आयोग सम्बन्धी अवधारणाले समेट्ने क्षेत्रको आधारमा विभिन्न देशमा समान कानूनी व्यवस्थाको तुलनात्मक अध्ययन गर्ने र आवश्यक देखिएका विषय मसौदामा समावेश गर्ने ।
- आवश्यकता अनुसार विभिन्न विधिको प्रयोग गरी सरोकारवालाहरूको सहभागिता गराई राय संकलन गर्ने तथा औचित्यपूर्ण रायहरूको आधारमा मसौदामा परिमार्जन गर्ने ।

उक्त कार्यदलको विभिन्न समयमा बसेको वैठकमा राष्ट्रिय सतर्कता केन्द्रलाई सतर्कता आयोगमा परिणत गर्ने सम्बन्धमा पनि मतैक्यता भने रहेन । यसको



नेपाल कानून आयोग

मुल कारण प्रस्तावित आयोगको कार्यक्षेत्रको सम्बन्धमा सहमति पहिचान गर्न कठिनाई परेको थियो । खासगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० ले सार्वजनिक पदाधिकारीको हकमा भ्रष्टाचार र अनुचित कार्यको अनुसन्धान र अन्य कार्यका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जिम्मेवारी दिएको र अन्य निकायले आ–आफ्नो क्षेत्रमा आवश्यक सूचना र अनुसन्धानका लागि विभिन्न निकायको गठन गरी काम कारवाही गरिरहेको अवस्थामा सतर्कता आयोगको कार्यक्षेत्र विस्तार गर्ने विषय त्यति सहज नभएको हुँदा प्रस्तुत विषय विस्तृत अध्ययनका लागि हाल मसौदा कार्यलाई स्थगित गरिएको छ ।

नेपालले भ्रष्टाचार नियन्त्रणको विषयमा संयुक्त राष्ट्र संघीय महासन्धि अनुमोदन गरेपश्चात निजी क्षेत्रमा हुने भ्रष्टाचार लगायत महासन्धिबाट सिर्जित दायित्व अन्तर्गतका विभिन्न विषयहरूलाई समेटने र कुन विषयक्षेत्रमा कसले अनुसन्धान र अभियोजनको कार्य गर्ने भन्ने निक्यौंल नगरिकन उक्त विधेयक परिमार्जन कार्य सम्भव नहुने हुँदा आयोग सो विषयमा हाल आन्तरिक अध्ययनमा जुटेको अवस्था छ । आगामी आर्थिक वर्ष भित्रै उक्त विषयमा यथोचित निर्णयका आधारमा विधेयक मसौदा परिमार्जन गर्न सकिने अपेक्षा यस आयोगले गरेको छ ।

### ३.१.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा संशोधन विधेयक मसौदा कार्यदल

माथि नै उल्लेख गरिसकिएको छ, मुलुकले संयुक्त राष्ट्र संघीय महासन्धिको अनुमोदन गरेपश्चात धेरै विषयक्षेत्रहरूमा परिमार्जनको अवस्था आएको छ । खासगरी महासन्धिले निजीक्षेत्र समेत समेटनुपर्ने र विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सार्वजनिक निकायका पदाधिकारीलाई प्रभावमा लिने विषयहरू समेत राष्ट्रिय कानूनले अपराधिक गतिविधीमा समावेश गर्नुपर्ने दायित्व सिर्जना गरेको अवस्थामा सम्बद्ध कानूनहरूमा आधारभूत परिवर्तन जरुरी देखिएको अवस्था छ । त्यसैले यस आर्थिक वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनलाई समेत महासन्धि अनुकुल हुनेगरी परिमार्जन गर्न यस आयोगले मिति २०६९/१०/२२ को निर्णयबाट सम्भव भएसम्मका सरोकारवालालाई समावेश गर्ने गरी कार्यदल गठन गरेको थियो । माथि उल्लेख भए जस्तै यसमा पनि धेरै निकायको सरोकार रहेको अवस्थामा उक्त विषयको निरोपण हुन सकेन । यद्यपि यस विषयमा पटक पटक भएको छलफलबाट यस आयोगलाई प्राप्त ज्ञान र



www.lawcommission.gov.np

नेपाल कानून आयोग

अनुभवको आधारमा आगामी आर्थिक वर्षमा उक्त विषयलाई यथोचित तवरले टुङ्गयाउन सक्ने विषयमा यो आयोग विश्वस्त रहेको छ ।

### ३.१.३ नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ परिमार्जन कार्यदल

नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को निर्माण पश्चात पनि नेपालमा कागजात प्रमाणिकरणमा सेवाग्राहीले समस्या भोग्नुपरेको अवस्थालाई नेपाल कानून आयोगले आफ्नो जानकारीमा लिइरहेको थियो । उक्त ऐनको निर्माण पश्चात नेपाल सरकारका कर्मचारी र कार्यालयले कागजात प्रमाणिकरणको कार्य बन्द गरेको र विदेशी राजदुतावास लगायतका कतिपय कार्यालयहरूले नोटरीबाट प्रमाणित कागजातलाई अस्विकार गरिरहेको कारणले गर्दा आम जनतामा परेको समस्या समाधान हुनु जरुरी रहेको कुरा ध्यानमा राख्दै नेपाल कानून आयोगले मिति २०६९/४/१० मा छलफल कार्यक्रम आयोजित गऱ्यो र नोटरी पब्लिक सम्बन्धी विद्यमान व्यवस्थामा देखिएका समस्या र समाधान सम्बन्धमा रहेका सैद्दान्तिक र व्यवहारिक समस्याहरूलाई एकीकृत गरी अवधारणापत्र र कार्यपत्र तयार गरी छलफल चलाएको थियो । उल्लेखित अवधारणापत्र र कार्यपत्र उपर सहभागीहरूको धारणा समेतलाई ध्यानमा राख्दै सरोकारवालाहरूको प्रतिनिधित्व रहने गरी यस आयोगको मिति २०६९/४/२६ को निर्णयानुसार कार्यदल गठन भएको थियो । उक्त कार्यदलको मिति २०६९/७/२४ को प्रतिवेदन अनुरुप देहाय बमोजिम हुन उचित देखिएकोले कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई यस आयोगले आवश्यक व्यवस्था गर्न सिफारिस गरेको थियो -

- विदेशी लिखतको मान्यता सम्बन्धी हेग कन्भेन्सन १९६१ को पक्ष बनेर प्रमाणीकरण प्रक्रियालाई सरल तुल्याउने र हेग कन्भेन्सन अनुरुप Appostille गर्ने सक्षम अधिकारी वा निकाय कानूनद्वारा तोकिनु पर्ने ।

- हेग कन्भेन्सनको पक्ष नबनेको अवस्थामा पनि कानूनद्वारा नै नोटरी पब्लिक ले गरेको प्रमाणीकरण र अनुवादको Diplomatic or Consular Authentication वा प्रमाणीकरण गर्ने विधि र प्रक्रिया प्रमाणीकरण नियमावली निर्धारण गर्नु पर्ने ।

- प्रमाणीकरण (दस्तुर) नियमावलीमा संसोधन गरी परराष्ट्र मन्त्रालय र विदेश स्थित मिशनहरूले के कस्ता कागजातहरू के कस्तो प्रक्रिया पुरा गरी प्रमाणीकरण गर्ने, उक्त नियमावलीमा स्पष्ट उल्लेख गर्नु पर्ने ।

नेपाल कानून आयोग

- हेग कन्भेन्सनको पक्ष बनेकै अवस्थामा पनि उक्त महासन्धिको पक्ष नभएका राष्ट्रहरूको हकमा कुटनीतिक र वाणिज्य दूतावासबाटै प्रमाणीकरण गर्नुपर्ने हुँदा परराष्ट्र मन्त्रालयको प्रमाणीकरण गर्ने व्यवस्थाले निन्तरता पाइनै रहने हुँदा सो व्यवस्थालाई सो नियमावलीमा स्पष्ट गर्नुपर्ने ।

- प्रमाणीकरण दस्तुर नियमावलीमा नोटरी पब्लिक ले गरेको प्रमाणीकरण वा अनुवादलाई परराष्ट्र मन्त्रालयले प्रमाणीकरण गर्ने कार्यविधि र प्रक्रिया स्पष्ट गर्नुपर्ने ।

- नोटरी पब्लिक सम्बन्धी ऐनमा भएको कागजातहरूको अनुवाद र प्रमाणीकरण सम्बन्धी व्यवस्थालाई पनि स्पष्ट पार्दै उक्त ऐनमा समसामयिक संसोधन हुनुपर्ने ।

- नोटरीको रुपमा काम गर्न स्नातक अधिवक्ताको हैसियतामा कानून व्यवसाय गरेको हुनुपर्ने गरी ऐनको दफा १२ को (क) मा संशोधन गर्ने ।

- नोटरी पब्लिक नभएको जिल्लामा आमजनताको सुविधाको लागि नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीले व्यवसायिक, व्यापारिक प्रयोजनका कागजात वाहेक सर्बसाधारणको व्यक्तिगत कागजात विना दस्तुर प्रमाणीकरण गर्नसक्ने गरी नोटरी पब्लिक सम्बन्धी ऐनमा व्यवस्था गर्ने ।

- नोटरी पब्लिकहरूले नोटरी पब्लिक ऐन नियम र आचारसंहिता अनुरुप काम गरे नगरेको अनुगमन गर्न नोटरी पब्लिक सम्बन्धी नियमावलीमा आवश्यक संयन्त्रको व्यवस्था गर्ने ।

- नेपाल सरकारको प्रयोजनका लागि प्रयोग हुने कागजात र दस्तावेजहरूको आधिकारिक अनुवाद नेपाल सरकारको कुनै निकायले गर्न सक्ने गरी कानूनमा नै व्यवस्था गर्ने ।

- नागरिकता, विवाह दर्ता प्रमाण पत्र जस्ता एउटै ढाँचामा रहने दस्तावेजहरूको आधिकारिक अनुवाद र एकरुपताका लागि सम्बन्धित ऐन नियमको अनुसूचीमा नै अङ्ग्रेजी भाषाको अनुवाद समेतको ढाँचा राख्ने गरी तत् तत् ऐन नियममा संशोधन गर्ने ।

नेपाल कानून आयोग

### ३.१.४ भूमिगत जल उपयोग सम्बन्धी ऐन मसौदा कार्यदल

नेपालमा भूमिगत जलको निर्वाध उपयोग र बढदो शहरीकरणको चापले गर्दा भूमिगत जलस्रोतको उपलब्धतामा व्यापक कमी देखिएको छ भने उपलब्ध क्षेत्रमा त्यसको समयोचित उपयोग हुन सकेको पनि छैन । यस्तो अवस्थालाई दृष्टिगत गर्दै नेपाल सरकार सिंचाई मन्त्रालयले यस आयोगलाई भूमिगत जलस्रोतको प्रयोगलाई नियमन गर्ने सम्बन्धी कानूनको मसौदा गर्नका लागि पत्राचार गरेको थियो । यस आयोगबाट यस आर्थिक वर्षमा सो बमोजिमको विधेयकको मसौदा तयार भएको छ । उक्त मसौदा उपर मिति २०७०/३/२४ मा सरोकारवालासँग छलफल कार्यक्रम सम्पन्न भयो र छलफलबाट आएको निष्कर्ष अनुरुप मसौदालाई केही परिमार्जन गरी आगामी आर्थिक वर्ष २०७०/७१ मा नेपाल सरकार समक्ष उक्त विधेयक मसौदा यस आयोगले सिफारिश गर्नेछ । व्यवस्थापिका संसदको अनुपस्थितिमा ऐन निर्माण तत्काल सम्भव हुने नभएतापनि सरोकारवालासँगको छलफलबाट यस विषयमा केही सचेतनाको विकास भएको कारणले भूमिगत जलको अवाञ्छित प्रयोगलाई व्यवस्थित तवरबाट सञ्चालन र नियमन गर्न सहयोग पुग्ने देखिन्छ ।

### ३.१.५ परमाणविक पदार्थको प्रयोगलाई नियमित गर्ने सम्बन्धमा विधेयक तयारी

नेपालमा परमाणविक पदार्थ र विकिरणयुक्त पदार्थहरूको प्रयोग भइरहेको अवस्थामा सो को नियमनका लागि नेपालमा पनि एउटा कानूनी संयन्त्रको व्यवस्था गर्नु जरुरी भइरहेको थियो भने अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) बाट समेत कानूनी व्यवस्थाका लागि अनुरोध भैरहेको अवस्था छ । यसै क्रममा यस आयोगबाट परमाणविक पदार्थ तथा सो सम्बन्धी संयन्त्रको सुरक्षित तथा शान्तिपूर्ण प्रयोगलाई व्यवस्थित गर्न कानून निर्माण गर्नु सान्दर्भिक हुने मनन गरी यस आयोगले विभिन्न सरोकारवाला तथा विषयविज्ञहरूको प्रतिनिधित्व रहेको कार्यदल गठन गरेको थियो । सो कार्यदलले विधेयकको प्रारम्भिक मसौदा तयार गरेको छ । कार्यदलले तयार पारेको मसौदा उपर सरोकारवालासँग छलफल समेत भई सरोकारवालाहरूका सुझावहरूलाई समावेश गरी मसौदालाई परिमार्जन गर्ने कार्य समेत भइरहेको छ । यस विधेयकको मसौदाबाट नेपालले अन्तराष्ट्रिय आणविक ऊर्जा एजेन्सी र सोसँग सम्बन्धित सम्झौताहरू मार्फत व्यक्त गरेको प्रतिबद्धताको परिपालनार्थ अगाडी बढन सहयोग पुग्नेछ ।

नेपाल कानून आयोग

### ३.१.६ कसुर पीडित संरक्षण विधेयक र साक्षी संरक्षण विधेयक मसौदा कार्यदल

कसुर पिडित संरक्षण तथा साक्षी संरक्षणका लागि नेपालले आवश्यक कानून तर्जुमा गर्नुपर्ने दायित्व विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूबाट सिर्जित भएको अवस्थामा यस आयोगले विगत वर्षहरूमा नै दुवै विषयहरूका लागि मसौदा तयार गरेको थियो । आ. व. २०६७/६८ मा नै तयार भइसकेको उल्लेखित मसौदा उपर यस आयोगले यस वर्ष सरोकारवालाहरूसँग छलफल अन्तरक्रिया गर्दा सो मसौदा कानूनी दस्तावेज भन्दा पनि बौद्धिक अभ्यासको प्रतिवेदन जस्तो भएको भन्ने प्रकृतिको व्यापक गुनासो अभिव्यक्त भएको सन्दर्भमा यस आयोगले मसौदा परिमार्जन गर्नु आवश्यक ठानेर मसौदा परिमार्जन कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले मसौदा परिमार्जन गरी विधेयकको प्रस्तावित स्वरुपमा नेपाल सरकार समक्ष पेश गर्न मिल्ने ढांचामा ल्याएको छ । केही शुद्धाशुद्धि र भाषिक परिमार्जनको कार्य सम्पन्न गरी आयोगले निर्णय गर्न मात्र बांकी रहेकोले सो सम्पन्न गरे पश्चात उक्त मसौदा नेपाल सरकार समक्ष आयोगले पेश गर्नेछ ।

## ३.२ वैदेशिक सम्पर्क/समन्वयः

नेपालको कानूनी प्रणालीको विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्ध र नेपालको कानूनी प्रणालीमा कोशेढुंगाको रुपमा रहेका विभिन्न घटनाक्रमसँग सम्बद्ध दस्तावेजको उपलब्धताको महत्वपूर्ण योगदान रहने कुरा यस आयोगले यस वर्ष पहिचान गरेको छ । त्यसका लागि आगामी वर्षहरूमा थप पहल गर्दै जान प्रतिबद्ध रहेको यस आयोगले यस वर्ष निम्न बमोजिमको पहल गरेको छ-

- नेपाल अधिराज्यको संविधान, २०१५ निर्माणका लागि नेपाल सरकारको निमन्त्रणामा ब्रिटिश संविधान विद सर आइभोर जेनिङ्गस मार्च २८ देखि अप्रिल २४ सन् १९५८ सम्मको अवधिमा नेपालमा रही संविधान निर्माणमा सहयोग पुऱ्याएको भन्ने सन्दर्भमा यससँग सम्बन्धित ऐतिहासिक महत्वको कुनै अभिलेख आयोगले हालसम्म प्राप्त गर्न नसकेको अवस्था रहेकोले उक्त संविधान निर्माणको क्रममा जेनिङ्गसबाट तत्कालीन परिवेशमा व्यक्त विचार तथा टिपोट Institute of Common Wealth Studies, University of London मा संग्रहित रहेको भन्ने बुझिएकोले सो निकायसँग पत्राचार गरी ती दस्तावेजहरू उपलब्ध गराई दिने आवश्यक व्यवस्थाका लागि मिति २०६९/६/२३ मा परराष्ट्र मन्त्रालयमा अनुरोध गरिएको थियो ।



नेपाल कानून आयोग

- आयोगको मिति २०६९/५/२५ को पत्रबाट परराष्ट्र मन्त्रालयमा SAARC Law Commission सम्बन्धी अद्यावधिक जानकारी उपलब्ध गराई दिन पत्राचार गरिएकोमा सार्क सचिवालयबाट सार्क मुलुकका ल कमिशन सम्बन्धी जानकारी प्राप्त हुन आएको छ । जसबाट आगामी दिनमा सार्क सदस्य राष्ट्रहरूबीच न्याय वा कानूनका क्षेत्रमा समन्वय गर्न सहजता हुनुका साथै सबै सदस्य राष्ट्रहरूको समेत सरोकार निहित रहेको विषयमा कानून निर्माण गर्न वा अध्ययन अनुसन्धान गर्न समेत सहयोग पुग्नेछ ।

## ३.३ अध्ययन/अनुसन्धान

नेपाल कानून आयोग स्वभावतः कानून र कानूनी प्रणालीको अध्ययन र अनुसन्धानको कार्य उपर निर्भर रहन्छ । नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को खण्ड (क), (ङ) र (ठ) बमोजिम नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने आयोगको कार्य निर्धारण गरिएको अवस्था पनि छ । यसैले यस आयोगले आ. व. २०६९/७० मा विशेषज्ञ समेतको सेवा लिई विभिन्न ३ वटा विषयमा अध्ययन गरी प्रतिवेदन लिने कार्य सम्पन्न गरेको थियो । अध्ययन भएका विषयवस्तुहरूको प्रतिवेदनको सार संक्षेप यस प्रकार रहेको छः

### ३.३.१ नेपाल कानून एकीकरण सम्बान्धी अध्ययन

नेपालको कानूनी प्रणालीमा एकरुपता र कानून निर्माण गर्ने स्वीकृत परिपाटीको अभाव रहेको यस आयोगले महसुस गरेको छ । निति निर्माणमा प्रयोग हुने समूह सिद्धान्तको प्रयोग नेपालको कानूनी प्रणालीमा पर्याप्त मात्रामा भएको र त्यसकारण प्रभाव र शक्ति रहेको समूहले आफ्नो ईच्छा अनुरुप कानून निर्माण गराउने प्रवृत्तिका कारणले एकै विषयवस्तुमा एक भन्दा बढी कानूनको निर्माण भएको भन्ने आम धारणा देखिएको अवस्थामा यस आयोगले सो सम्बन्धमा अध्ययन गर्न गराउन उचित ठानेको थियो । हाल प्रचलित नेपाल कानून मध्ये एकै विषयमा एकभन्दा वढि ऐन भए/नभएको तथा त्यस्तो रहेको भए ती मध्ये कुन–कुन ऐनलाई एकीकृत गर्न सकिन्छ भन्ने विषयमा आ. व. २०६९/७० को दोश्रो चौमासिक अवधिमा अध्ययन गरिए । सो अध्ययनको प्रतिवेदनमा एकीकरण गर्न सकिने सम्भावना रहेका ऐनहरूलाई क्षेत्रगतरुपमा यस प्रकार उल्लेख गरिएको छ -

१. पारिश्रमिक, सुविधा र सेवाका शर्त सम्बन्धी ऐनहरू ७ वटा

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| २. | निर्वाचन सम्बन्धी ऐनहरू | ६ वटा |
| ३. | जग्गा प्राप्ति तथा अचल सम्पति अधिग्रहण सम्बन्धी ऐनहरू | २ वटा |
| ४. | क्षतिपूर्ति सम्बन्धी ऐनहरू | २ वटा |
| ५. | अदालत तथा न्याय प्रशासन सम्बन्धी ऐनहरू | ४ वटा |
| ६. | न्यायाधिकरण, विशेष अदालत अर्धन्यायिक अदालत सम्बन्धी ऐनहरू | ८ वटा |
| ७. | राजनैतिक दलसम्बन्धी ऐनहरू | २ वटा |
| ८. | वजेट सम्बन्धी ऐनहरू | ४ वटा |
| ९. | राजश्व (कर, शुल्क, दस्तुर भन्सार आदि) सम्बन्धी ऐनहरू | १२ वटा |
| १०. | अन्तराष्ट्रिय संस्थाको सदस्यता प्राप्त गर्ने सम्बन्धी ऐनहरू | ३ वटा |
| ११. | उद्योग/व्यापार सम्बन्धी ऐनहरू | ८ वटा |
| १२. | सामाजिक अपराध सम्बन्धी ऐनहरू | ९ वटा |
| १३. | पानीजहाज सम्बन्धी ऐनहरू | ३ वटा |
| १४. | हुलाक सम्बन्धी ऐनहरू | २ वटा |
| १५. | भूमि व्यवस्था सम्बन्धी ऐनहरू | ३ वटा |
| १६. | विश्वविद्यालय सम्बन्धी ऐनहरू | ८ वटा |
| १७. | स्वास्थ्य सम्बन्धी ऐनहरू | ५ वटा |

कानून निर्माण, कार्यान्वयन र पालनालाई सरल बनाउन कानूनहरू एक आपसमा नबाझिने तथा कानून पालना गर्नुपर्ने सर्वसाधारणका लागि कानूनको उपस्थिती बोधगम्य बनाउनका लागि समेत कानूनहरूको एकीकरण महत्वपूर्ण उपाय हुनसक्छ । समान प्रकृति र समान विषयका कानून एकीकृत भएमा राज्यका अङ्ग र सर्बसाधारण सबैलाई सुविधा पुग्न जाने देखिन्छ । पुराना र नयाँ कानून बाझिने सम्भावना पनि कम हुन्छ । कानूनको एकीकरणले कानून बोझिलो र संख्यात्मक रुपमा समेत बढि हुदैन । त्यस सन्दर्भमा आयोगको यो प्रयत्न प्रभावकारी र दुरगामी असर दिने खालको हुने अपेक्षा यस आयोगले गरेको छ ।

नेपाल कानून आयोग

### ३.३.२ तत्काल कार्यान्वयन नभएका ऐनहरूको पहिचान सम्बन्धी अध्ययनः

नेपालमा कानून बनाउँदा कानूनको कार्यान्वयन असर पूर्वानुमान र कार्यान्वयन अनुगमन अध्ययन नगर्ने परिपाटी रहेको छ । त्यस्तो अध्ययन नहुने हुँदा निर्माण भई लागू भइसकेका कतिपय कानून राज्यले कार्यान्वयन गराउन सके/नसकेको अवस्था थाहा हुने कुरै भएन । त्यसैले हाल प्रचलित नेपाल कानून मध्ये तत्काल कार्यान्वयन हुन नसकेका कानून पहिचान गर्नका लागि यस आयोगले अध्ययन गर्ने जमर्को गरेको थियो ।

अध्ययन प्रतिवेदनले नेपालमा ऐन प्रारम्भ भएपनि यथार्थमा त्यो कार्यान्वयन नभएको, विगतमा रहेको व्यवस्था खारेज वा संशोधन गरेको वा विगतमा सो ऐन अन्तरगत काम भई हाल लागू रहेपनि अब कार्यान्वयन गरिरहनु नपर्ने, उत्साह साथ कानून बनाइए तापनि कार्यान्वयन नभएका, ऐनका केही बन्दोवस्त अन्य ऐनमा सारी खारेज गर्न सकिने वा आकार कम गर्दै लैजानु पर्ने विषयका ऐन/कानूनहरूको पहिचान गरेको छ । साथै योजना तथा योजना आयोग सम्बन्धी ऐन र अन्य विषयमा नयाँ बनाउनु पर्ने ऐन वा बन्दोवस्त गर्नुपर्ने विषयक्षेत्र समेत उजागर गरिएको छ । उक्त अध्ययनले देहाय बमोजिमका क्षेत्रहरूमा कार्यान्वयन हुन नसकेका र खारेज गर्न सकिने कानूनहरूको उपस्थिती रहेको तथ्य पहिचान गरेको छः

- सार्वजनिक स्वास्थ्य सम्बन्धी ऐन,
- अस्पताल सम्बन्धी ऐन (निजी र सरकारी)
- गुठी (ट्रस्ट) सम्बन्धी ऐन
- विज्ञापन सम्बन्धी ऐन
- अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्बन्धी ऐन
- गैर सरकारी संस्था सम्बन्धी ऐन
- अर्न्तराष्ट्रिय र वैदेशिक सहयोग सम्बन्धी ऐन ।

उक्त अध्ययन प्रतिवेदनले नेपाल कानून तथा सरकारको विभिन्न निकायका साथै व्यवस्थापिका संसदलाई समेत आवश्यक देखिएका विषयक्षेत्रहरू पहिचान गर्न र ऐन बनाउन सहयोगी दस्तावेजको रुपमा भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।

नेपाल कानून आयोग



www.lawcommission.gov.np

### ३.३.३ न्यायीक पुनरावलोकनका क्रममा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनको स्थिती अध्ययन:

सर्वोच्च अदालतले न्यायीक पुनरावलोकनको क्रममा गरेका कतिपय फैसलाहरूमा कानूनको निर्माण वा संशोधन सम्बन्धी व्यवस्थाहरूको बारेमा बोलेको पाइन्छ । फैसलाको कार्यान्वयनको अभावमा ति विषयका कानूनहरू निर्माण वा संशोधन हुन नसकेको अवस्था समेत रहेको छ । कुनै पनि किसिमले कानून निर्माण वा संशोधनको विषयवस्तु स्वभावतः यस आयोगको कार्यक्षेत्रभित्र पर्ने विषय रहेको हुनाले यस आयोगले सो सम्बन्धमा अध्ययन गर्नु आवश्यक रहेको ठानेको थियो । त्यसैले यस वर्ष यस आयोगले कानूनको निर्माण वा संशोधनसँग सम्बन्धित रहेर सर्वोच्च अदालतका फैसलाहरूको कार्यान्वयनको अवस्था अध्ययन गरेको थियो । सो अध्ययनको निष्कर्ष बमोजिम आगामी दिनहरूमा आवश्यक कानून निर्माण वा यथोचित संशोधन प्रक्रिया अगाडी बढाउने अपेक्षा यस आयोगले गरेको छ ।

## ३.४ अन्तरक्रिया गोष्ठी/छलफल:

नेपाल कानून आयोगले आफ्नो जिम्मेवारी सम्पन्न गर्ने क्रममा सरोकारवालाको सहभागितालाई व्यापक रुपमा परिचालन गर्न थालेको छ । यसबाट कानूनमा आम नागरिकको स्वामित्व बोध हुनुका साथै कानूनी प्रणालीमा अनुमानयोग्यता तथा समस्याको पहिचान क्षमतामा समेत बढोत्तरी हुन्छ । त्यसै कारण यस वर्ष पनि आयोगले आफुले निर्माण गरेका कतिपय विधेयकहरू तथा अध्ययन प्रतिवेदनहरू उपर छलफल/गोष्ठिको आयोजना गरी सरोकारवालाको दृष्टिकोण तथा प्रतिक्रिया लिने काम अघि बढाएको थियो । आयोगले आयोजना गरेका केही सम्बन्धित अन्तरक्रिया/गोष्ठिको विवरण यस प्रकार रहेको छ:

**१. प्रस्तावित फौजदारी अपराधसँग सम्बन्धित विधेयकहरूका यौनजन्य अपराधसँग सम्बन्धित भागहरूको पुनरावलोकन गोष्ठी:**

यस आयोगले मिति २०६९/११/२१ गते सरोकारवालाको व्यापक सहभागितामा प्रस्तावित फौजदारी अपराध संहिताको यौनजन्य अपराधसँग सम्बन्धित भागहरूको पुनरावलोकन सम्बन्धी गोष्ठी सम्पन्न गरेको थियो । उक्त गोष्ठीमा नेपालमा प्रचलनमा रहेका मुलुकी ऐन लगायतका कतिपय अन्य कानूनहरूलाई विस्थापित गर्दै संहिताको रुपमा कानून जारी गर्ने प्रयोजनले तयार गरिएको

नेपाल कानून आयोग

फौजदारी कानूनहरूको संहिता "अपराध संहिता" मा रहेको यौनजन्य अपराधसँग सम्बन्धित खण्डहरू उपर यस गोष्ठीमा छलफल गरिएको थियो ।

उक्त गोष्ठी सञ्चालन गर्ने कार्य यस आयोगले समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (CIWISH) नामक संस्थाको सहकार्यमा गरेको थियो । बालबालिका तथा महिला हितमा कार्यरत उक्त संस्थाको अनुरोधमा नै यस आयोगले प्रस्तावित अपराध संहिताको यौनजन्य हिंसा खण्डको पुनरावलोकन कार्य प्रारम्भ गरेको थियो ।

**२. नेपालमा परमाणविक पदार्थ र प्रविधिको उपयोग सम्बन्धी कानूनको प्रस्तावित स्वरुप सम्बन्धी अवधारणा कार्यशाला गोष्ठीः**

मिति २०६९/१२/२३ मा नेपाल कानून आयोगको आयोजनामा सम्पन्न भएको यो गोष्ठीमा २ छुट्टाछुट्टै अबधारणा पत्रहरू प्रस्तुत गरिएको थियो । एउटा प्रस्तुति नितान्त कानूनी परिवेशसँग सम्बन्धित थियो भने अर्को पूर्णतः प्राविधिक विषयवस्तुका बारेमा नै केन्द्रित थियो ।

नेपालमा कुनै पनि परमाणविक गतिविधिलाई कानूनी रुपले निषेध नगरिएको र सम्बन्धित मन्त्रालयलाई नियमनकारी निकायको रुपमा उल्लेख गरिएको अवस्था छ तापनि नियमनकारी निकायले के कस्तो काम गर्ने वा कस्तो अधिकार हुने भन्ने कुरामा विद्यमान व्यवस्था मौन देखिनु, नियमन कार्यका लागि छुट्टै वजेटको व्यवस्था नहुनु, परमाणविक पदार्थ र प्रविधिको उपयोग सम्बन्धमा सूचित गर्ने र अनुमति दिने प्रणाली स्थापित नहुनु जस्ता कमजोरी विद्यमान प्रणालीमा रहेकोले नेपालमा परमाणविक गतिविधी नियमन गर्ने छुट्टै कानूनको आवश्यकता रहेको भन्ने विषय उपर केन्द्रित रहँदै प्रस्तावित कानूनमा समावेश गरिनुपर्ने कुराहरू, प्रस्तावित कानूनको उद्देश्य र परमाणविक पदार्थ र प्रविधिको प्रयोगकर्ताको दायित्व लगायतका विषयमा हुनुपर्ने कानूनी ढांचा उपर समेत छलफल भएको थियो ।

त्यसै गरी यस विषयमा अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीका प्रतिनिधीहरूसँग यस आयोगका पदाधिकारीहरूसँग भेटघाट र छलफल समेत भएको थियो । एजेन्सीका प्रतिनिधीमण्डलसँग वार्तालाप पश्चात यस आयोगलाई यस विषयको महत्व र यो विधेयकको आवश्यकताको सम्बन्धमा थप जानकारी हुनुका साथै विधेयकले समेटनुपर्ने परमाणविक सुरक्षाका विषयहरूमा समेत थप जानकारी हासिल भएको थियो ।

नेपाल कानून आयोग

### ३. साक्षी संरक्षण र कसूर पीडित संरक्षण सम्बन्धी मसौदा विधेयकहरूको परिमार्जन सम्बन्धी अन्तरक्रियाः

यस विषयको अन्तरक्रिया मिति २०६९/११/३० मा नेपाल कानून आयोगको आयोजनामा सम्पन्न भयो । यस विषयमा कानून आयोगले राजधानी केन्द्रित मात्र नरहेर जिल्ला केन्द्रित कार्यक्रम पनि सम्पन्न गरेको थियो । पीडित न्याय प्रणाली भनिएता पनि पीडितको संरक्षण हुने गरी नेपाली कानूनी प्रणालीको विकास भएको नदेखिएकोले साक्षी संरक्षण र कसूर पीडित संरक्षण सम्बन्धी ऐनको आवश्यकता परेको देखिन्छ । नेपालमा साक्षी संरक्षण र कसूर पीडित संरक्षण सम्बन्धी ऐनको आवश्यकता वुँदागतरुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छ-

- पीडितको सुरक्षाको सुनिश्चितताका लागि,
- पिडितको सामाजिकीकरणबाट समाजमा सुमधुर सम्बन्धको विकास गराउन,
- फौजदारी न्याय प्रणाली प्रति जनविश्वास बढाउन र
- स्वच्छ तथा पीडितको विश्वास रहेको प्रणाली विकास गर्न ।

अन्तरक्रियामा महान्यायाधिवक्ताको कार्यालय, सुरक्षा निकायका उच्च पदाधिकारी, गैरसरकारी संस्था समेतको व्यापक सहभागितामा विधेयक मसौदा परिमार्जनका विषयमा उपलब्धीमूलक छलफल सम्पन्न भएको थियो । उक्त छलफलका अन्तरनिहित केहि सुझाव र प्रतिक्रियाले परिमार्जन कार्यमा ठुलो सघाऊ पुऱ्याएको आयोगले महसुस गऱ्यो ।

यस अन्तरक्रिया कार्यक्रमबाट उपरोक्त विधेयकहरूको परिमार्जन र विकासमा थप सहयोग मिलेको छ । साथै यस कार्यक्रममा कानून कार्यान्वयन निकायहरूको संलग्नता रहेकोबाट ति निकायहरूमा अनौपचारिक रुपमा नै भएपनि पिडीत संरक्षण तथा साक्षी संरक्षण सम्बन्धी चेतनामा समेत केही अभिवृद्धि हुने आयोगको अनुमान रहेको छ ।

### ४. कानूनको प्रकाशन सम्बन्धी राज्यको दायित्व सन्दर्भमा नेपाल कानूनको विद्युतीय प्रकाशनको वर्तमान अवस्था र त्यसको आधिकारिता विषयक अन्तरक्रिया कार्यक्रम :



www.lawcommission.gov.np

नेपाल कानून आयोगले निकै अगाडी देखि नेपाली कानूनको विद्युतीय प्रकाशन गरी आएको भएता पनि सो को आधिकारीकता र हाल सम्मको अवस्थाका बारेमा सरोकारवालासँग कुनै छलफल गरेको थिएन । त्यसैले मिति २०७०/३/२१ मा कानून आयोगको आयोजनामा विभिन्न सरकारी तथा न्यायिक निकायका पदाधिकारीहरूको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त छलफल कार्यक्रममा नेपाल कानून आयोगलाई Legal Resource Centre को रुपमा विकास गर्नुपर्ने, कानून आयोगलाई कानूनी रुपमा नै कानूनी सूचना प्रकाशनको आधिकारिता प्रदान गर्नुपर्ने, कानून निर्माण गर्ने निकायले आधिकारिक प्रति नै कानून आयोगलाई दिनुपर्ने, कानून आयोगलाई e-library को रुपमा समेत विकास गर्नुपर्ने, सुरक्षा प्रणाली परिक्षण (security/ system audit) गर्नुपर्ने, प्रकाशनहरूलाई तुरुन्तै कानून आयोगको वेवसाइटमा राख्नुपर्ने जस्ता सुझावहरू सरोकारवालाबाट प्राप्त भएको थियो । यस आयोगले उक्त कार्यक्रममा प्राप्त सुझावहरू आगामी दिनमा क्रमिक रुपमा उपयोग गर्दै कार्यान्वयन गर्ने तर्फ प्रयास गर्नेछ ।

५. **भूमिगत जल उपयोग सम्बन्धी कानूनको आवश्यकता विषयक अन्तरक्रिया गोष्ठी:**

यस आयोगले भूमिगत जलको उपयोगलाई नियमित गर्ने प्रयोजनार्थ विधेयक मसौदा गरेको विषय माथि नै उल्लेख गरिसकिएको छ । सो मसौदा उपर विभिन्न सरोकारवाला निकाय तथा विज्ञको राय लिने प्रयोजनले यस आयोगले मिति २०७०/३/२४ मा भूमिगत जलश्रोत विकास समितिसँगको सहकार्यमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त छलफल कार्यक्रममा भूमिगत जल उपयोग सम्बन्धमा बनेको विधेयकको मसौदा माथि छलफल सम्पन्न भयो । नेपालमा भूमिगत जलस्रोत सम्बन्धी स्पष्ट नीति नरहेको र भूमिगत जलस्रोतको सम्पूर्ण व्यवस्थापन कार्य तदर्थ रुपमा हुदै आएकोले भूमिगत जलस्रोतलाई उपयुक्त तरिकाले व्यवस्थापन गर्न कानूनको आवश्यकता रहेको भन्ने सरोकारवाला सबैको अभिव्यक्ति रहेको थियो । भूमिगत जलस्रोतको नियमनका लागि आवश्यक कानूनको निर्माणले भूमिगत जलको विद्यमान अवस्था र प्रदूषणरहित जलको संरक्षण र समयोचित वितरण गर्ने कार्यलाई उपयुक्त व्यवस्थापन गर्न एउटा स्थायी संयन्त्रको व्यवस्था गर्ने लगायतको विषयहरू उक्त छलफल कार्यक्रममा अभिव्यक्त भएका थिए । उक्त कार्यक्रममा

नेपाल कानून आयोग

प्राप्त सुझावहरूले मसौदा परिमार्जन गर्न आयोगलाई थप सहयोग पुऱ्याएको थियो ।

**६. सर्वोच्च अदालतबाट जारी भएका आदेशको कार्यान्वयन अवस्था र तत्काल कार्यान्वयनमा नरहेको वा एकीकरण गर्न सकिने कानून विषयक गोष्ठी**

यस आयोगले मिति २०७०/२/३१ मा यस सम्बन्धी एउटा गोष्ठीको आयोजना गरेको थियो जसमा यस आयोगले गराएका ३ वटा अध्ययन प्रतिवेदनहरू उपर छलफल भएको थियो । यसै प्रतिवेदनको अध्ययन अनुसन्धान शिर्षक अन्तर्गत यस आयोगले यस वर्ष ३ वटा अध्ययन गराएको विषय माथि संक्षेपमा उल्लेख गरिसकिएको छ । तिनै अध्ययन प्रतिवेदनहरू उपर सरोकारवाला निकायहरूलाई राखेर आयोगले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा कानूनको एकीकरण र तत्काल कार्यान्वयन हुन नसकेका कानूनहरू सम्बन्धी अध्ययन प्रतिवेदनहरूको विषयमा सरोकारवालाहरूले सकारात्मक तर सचेत प्रतिक्रिया दिएका थिए । कतिपय कानून तत्काल हेर्दा कार्यान्वयन हुन नसकेको देखिए तापनि दुरगामी महत्वका रहेका हुन्छन तिनलाई खारेज गर्न नसकिने र तिनको पहिचानका लागि सतर्कता अवलम्बन गरिनुपर्ने भन्ने अधिकांश सरोकारवालाको धारणा रहेको थियो । कार्यान्वयन हुन नसकेका र कुनै महत्वका नरहेका कानूनहरू खारेज गरेर कानूनी प्रणालीलाई छरितो बनाउनुपर्ने धारणा समेत अभिव्यक्त भएको थियो । त्यसै गरी एकीकरण गर्न सकिने कानूनहरूको सम्बन्धमा सरोकारवालाबाट एकीकरणको कार्य जरुरी रहेको भन्ने धारणा अभिव्यक्त भएको थियो । यद्यपि कतिपय विषयमा कानूनहरू समान रुपको रहेको देखिए पनि प्रभाव समूहको विविधताको कारणले गर्दा एकै कानूनबाट शासन हुन नसक्ने अवस्था आउने र फरक फरक कानून निर्माण गर्नुपर्ने अवस्था आउने तर्फ समेत सहभागीले सचेत गराएका थिए ।

नेपाल कानून आयोग

न्यायीक पूनरावलोकनको क्रममा सर्वोच्च अदालतबाट भएका फैसलाहरूको सम्बन्धमा समेत सहभागीहरूको मिश्रीत प्रतिक्रिया रहेको थियो । केहीले फैसलाको कार्यान्वयन नभएको फैसलाको कार्यान्वयनमा फरक फरक निकायको भूमिका रहेकोले कार्यान्वयन जटील बन्न पुगेको र अधिकांश निकायले आफुले फैसला बमोजिम गर्नुपर्ने दायित्व पुरा गरेको तर व्यवस्थापिकाको अनुपस्थितीले गर्दा कतिपय फैसला कार्यान्वयन हुन नसकेको धारणा राखेका थिए ।

उक्त गोष्ठीबाट यस आयोगलाई सान्दर्भिक सुझावहरू प्राप्त भएका थिए र तिनको आधारमा आगामी वर्षहरूमा यस आयोगलाई कार्य सम्पादन गर्न निकै सहजता हुने आयोगले अपेक्षा गरेको छ ।

## ३.५ आयोगका प्रकाशनहरूः

### ३.५.१ कानून आयोग पत्रिकाः

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को खण्ड (ढ) मा नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून वा न्यायसँग सम्बन्धित कार्यहरू गर्नसक्ने कानूनी प्रावधान छ । यस क्रममा विषयवस्तुमा सम्बद्ध भई कानून र न्यायका क्षेत्रमा काम गरी अनुभव र विशेषज्ञता हासिल गरेका विज्ञहरूका लेखरचनाहरू समावेश गरी पत्रिका प्रकाशन गर्ने आयोगको स्वीकृत कार्यक्रम अनुसार नेपाल कानून आयोग पत्रिका नामक प्रकाशनको कार्य यस वर्ष सम्पन्न भयो । यसमा समाविष्ट लेखरचनाहरूबाट अध्ययन/अनुसन्धानकर्ता, सम्बद्ध क्षेत्रका विद्यार्थी तथा नेपाल सरकारका विभिन्न निकायहरूलाइ समेत प्रस्तुत प्रकाशन उपयोगी भएको महसुश गरिएको छ । सो देखि बाहेक यस प्रकाशनका कारणले नेपाल कानून आयोगले कानून क्षेत्रका आम सरोकारवाला समक्ष आफ्नो उपस्थितीलाई अझ सबल बनाएको छ ।

यस क्रममा यस आयोगले आगामी वर्ष देखि आयोगका गतिविधी समेटने एउटा चौमासिक प्रकाशनबाट सरोकारवाला सबैलाई आयोगका गतिविधी प्रति सुसूचित गराउने निर्णय समेत गरेको छ ।

### ३.५.२ कानून आयोग एक चिनारी वुलेटिनः

नेपाल कानून आयोगका गतिविधि र प्रमुखरुपमा नेपाल कानून आयोगको पहिचान गराउने दस्तावेजका रुपमा आ. व. २०६९/७० को तेश्रो चौमासिक अवधिमा “नेपाल कानून आयोग एक चिनारी” नामक वुलेटिन नेपाली र अंग्रेजी भाषामा प्रकाशन गर्ने कार्यसम्पन्न भयो । उक्त वुलेटिन प्रकाशनको कार्यबाट विभिन्न सरकारी, न्यायिक, अर्धन्यायिक, संवैधानिक तथा प्रशासनिक निकायहरूका अतिरिक्त सम्बद्ध अन्य सरोकारवालालाई नेपाल कानून आयोगको वारेमा महत्वपूर्ण जानकारी प्राप्त गर्न यो प्रकाशन सहायक सिद्ध हुने अपेक्षा आयोगले गरेको छ ।

नेपाल कानून आयोग

### ३.५.३ **वेबसाइट अद्यावधिकः**

नेपाल कानून आयोगले आफ्नो वेभसाइटमा नियमित रुपमा ऐन, नियम तथा विभिन्न जानकारीमुलक सामाग्रीहरूको प्रकाशन गर्दै आइरहेको छ । यसबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा नै नेपाली कानूनको सहज उपलब्धता र जानकारी हुदै आइरहेको अनुभव गरिएको छ । वेबसाइट प्रयोगकर्ताको संख्या दैनिक सरदर १००० एकहजार रहेको देखिन्छ । यस्तो अवस्थामा आयोगको वेबसाइटमा उपलब्ध विवरणहरू अद्यावधिक हुनुका साथै नयां सामग्रीहरूको पहिचान गरी वेबसाइटमा उपलब्ध गराउनु जरुरी भएको छ । त्यसैले आयोगको वेबसाइटलाई अद्यावधिक बनाउने कार्य निरन्तर प्राथमिकताभित्र छ । वेबसाइटको प्रयोग निम्न क्षेत्रबाट वढि मात्रामा हुने गरेको पाइएको छ ।

- सम्बद्ध विषयका विद्यार्थी, अनुसन्धान/शोधकर्ताहरूबाट,
- सरकारी तथा गैरसरकारी निकायहरूबाट,
- अन्तर्राष्ट्रिय संघ, संस्था/निकायबाट र
- इन्टरनेट पहुँच भएका दुर्गम जिल्लाका कार्यालयहरूबाट ।

यस अवस्थामा विभिन्न विषय तथा भौगोलिक क्षेत्रका व्यक्तिबाट आयोगको वेबसाइट प्रयोग भएको अवस्थामा आफ्ना प्रयोगकर्ताले गरेका अनुभूतिहरूलाई सम्बोधन गर्नु आयोगले जरुरी ठानेको छ । त्यसै प्रयोजनका लागि यस आयोगले यस वर्ष आफ्नो वेबसाइटको स्तर सुधार गरेर आमसरोकारवालासँग अन्तरक्रिया हुन मिल्ने खालको वेबसाइटको निर्माण गर्ने निर्णय गरेको छ । सो प्रयोजनका लागि आयोगले गठन गरेको कार्यदलले वेबसाइटको विकास तथा निर्माण गर्ने परामर्शदातालाई चयन गरी कामको जिम्मेवारी समेत प्रदान गरिसकेको छ । आगामी वर्ष देखि वेबसाइट निर्वाध रुपमा प्रयोगमा आइसक्ने अपेक्षा आयोगले राखेको छ ।

नेपाल कानून आयोग

# परिच्छेद ४

# नतिजा मूल्याङ्कन

## ४.१ वेबसाइट सम्बन्धी कामः

आ. व. २०६९/७० मा यस आयोगको वेबसाइटमा प्रकाशन गरिने ऐन नियम, कानूनी दस्तावेजहरूको लक्ष्य २५०० पानाको रहेकोमा सो बमोजिमको कार्य सम्पन्न भई लक्ष्य बमोजिमको प्रकाशन कार्य सम्पन्न भएको अवस्था छ । यस आयोगको वेबसाइटमा यस वर्ष राखिएका कानूनी दस्तावेजहरूको विवरण अनुसूची-१ मा समावेश गरिएको छ ।

त्यसै गरी यस वर्ष आयोगको वेबसाइटलाई परिमार्जन गरी पाठकसँग अन्तरक्रिया गर्न मिल्ने तथा थप सूरक्षीत खालको नयां वेबसाइट निर्माण गर्ने लक्ष्य रहेकोमा वेबसाइट विकास गर्ने विज्ञलाई सो निर्माण कार्य जिम्मा दिइसकिइएको अवस्था छ । आगामी वर्ष देखि सो वेबसाइट सहज रुपमा सञ्चालनमा आउने अपेक्षा गरिएको छ ।

## ४.२ अन्तरक्रिया गोष्ठीः

यस आ. व. २०६९/७० मा ६ वटा गोष्ठी संचालन गर्ने वार्षिक लक्ष्य रहेकोमा निम्न विषयका ६ वटा सम्पन्न भई शत प्रतिशत प्रगति भएको छ ।

- यस आयोगले मिति २०६९/४/१० मा नोटरी पब्लिक व्यवस्था सम्बन्धमा देखापरेका समस्या र समाधानका उपायहरू विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । सो कार्यक्रममा नोटरी पब्लिक सम्बन्धी विद्यमान व्यवस्थामा रहेका समस्याहरू र सम्भावित समाधानको विषयमा छलफल भएको थियो ।

- यस आयोगले कसूर पीडित संरक्षण विधेयक र साक्षी संरक्षण विधेयक सम्बन्धमा मिति २०६९/६/२६ मा पूर्वाञ्चलको इलाम र मिति २०६९/११/३० मा काठमाडौमा गरी जम्मा २ वटा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यिनै गोष्ठीमा सरोकारवालाबाट आएका सुझावहरूको आधारमा आयोगले तयार  गरेको मसौदा विधेयकको परिमार्जन कार्य गरिएको थियो ।

- नेपालमा परमाणविक पदार्थ र प्रविधिको उपयोगलाई नियमन र व्यवस्थापन गर्ने कानूनको आवश्यकता तथा सो सम्बन्धी कानूनको सम्भावित स्वरुप सम्बन्धमा यस आयोगले मिति २०६९/१२/१६ मा काठमाडौमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रममा प्रस्तुत भएका २ वटा

नेपाल कानून आयोग

भिन्नाभिन्नै कार्यपत्रहरू उपर छलफल गरिएको थियो र त्यहां आएको सुझावका आधारमा विधेयक मसौदा परिमार्जनको कार्य अगाडी बढाइएको थियो ।

- यस आयोगले मिति २०७०/२/३१ मा अन्तरक्रिया कार्यक्रम आयोजना गरी आयोगले गराएका अध्ययनका प्रतिवेदनहरू उपर छलफल गराइएको थियो । उक्त कार्यक्रममा सर्वोच्च अदालतबाट न्यायिक पुनरावलोकनको क्रममा भएका आदेशहरूको कार्यान्वयनको स्थिति विषयको अध्ययन र एकीकरण वा संहिताकरण गर्नसकिने कानूनहरू तथा तत्काल कार्यान्वयनमा नभएका कानुनहरूको विषयको अध्ययन प्रतिवेदनको संक्षेपीकरण उक्त कार्यक्रममा पेश भएको थियो ।

- यस आयोगले विद्यमान कानूनहरूको विद्युतीय प्रकाशन गरी आएकोमा सो का लागि यस आयोगलाई आधिकारीक रुपमा कानूनहरू प्राप्त नहुने गरेको र विभिन्न कारणले आयोगको विद्युतीय प्रकाशनमा यदाकदा आधिकारिकताको प्रसङ्ग समेत जोडिने गरेको सन्दर्भमा यस आयोगले मिति २०६९/३/२१ मा कानूनको प्रकाशन सम्बन्धी राज्यको दायित्वको सन्दर्भमा नेपाल कानून आयोगको विद्युतीय प्रकाशनको वर्तमान अवस्था र त्यसको आधिकारिकता विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । यसबाट आगामी दिनहरूमा आयोगको विद्युतीय प्रकाशनलाई व्यवस्थित गर्न के कसरी अगाडी बढने भन्ने सन्दर्भमा मार्गदर्शन समेत प्राप्त भएको छ ।

## ४.३ लेख रचनाः

नेपाल कानून आयोग पत्रिकामा प्रकाशन गर्न सम्बद्ध विषयका विद्वान लेखकहरूबाट रचना प्राप्त गर्ने र पत्रिका प्रकाशन गर्ने लक्ष्य रहेकोमा कानून तथा प्रशासन विषयका विभिन्न विद्वानहरूबाट प्राप्त भएका लेखहरू मध्ये यस आयोगको पत्रिकामा छाप्न योगय ठहराइएको जम्मा १४ वटा लेख रचनालाई सम्पादन समितिले छनौट गरेको थियो । विगत केही वर्ष देखि नै कानून आयोग पत्रिका छाप्ने यस आयोगको लक्ष्य पुरा हुन नसकेकोमा यस वर्ष मात्र त्यो लक्ष्य सार्थक भएको छ ।

## ४.४ अवधारणापत्र तथा नीतिपत्रः

आ. व. २०६९/७० मा विभिन्न विषयमा ५ वटा अवधारणा पत्र तयार गर्ने लक्ष्य रहेकोमा निम्न विषयमा लक्ष्य अनुसारका अवधारणा पत्र तयार भई शतप्रतिशत प्रगति सम्पन्न भयो ।

नेपाल कानून आयोग

१. भूमिगत जल उपयोग सम्बन्धी कानूनी आवश्यकताको अवधारणा पत्र

२. नेपालमा परमाणविक पदार्थ र प्रविधिको उपयोग सम्बन्धी कानूनको प्रस्तावित स्वरुप सम्बन्धी अवधारणा पत्र (यस विषयमा २ वटा अवधारणापत्रहरू तयार भएको थियो । एउटा अवधारणापत्रले परमाणविक पदार्थ र प्रविधिको नेपालमा उपयोग र नियमन आवश्यकताको सम्बन्धमा प्रकाश पारेको थियो भने अर्को अवधारणापत्रले नेपालमा परमाणविक पदार्थको प्रयोगलाई नियमन गर्ने सम्भावित खाकाको सम्बन्धमा चर्चा गरेको थियो ।

३. कानूनको प्रकाशन सम्बन्धी राज्यको दायित्व सन्दर्भमा नेपाल कानूनको विद्युतीय प्रकाशनको वर्तमान अवस्था र त्यसको आधिकारिता विषयक अवधारणापत्र

४. कसूर पीडित संरक्षण र साक्षी संरक्षण सम्बन्धी मसौदा विधेयकलाई परिमार्जन आवश्यकताको सम्बन्धमा भिन्नाभिन्नै अवधारणा पत्रहरू ।

## ४.५ आन्तरिक कार्यविधिको निर्माण

आ. व. २०६९/७० मा नेपाल कानून आयोगको आन्तरिक कामकारवाहीलाई नियमित र व्यवस्थित गर्नका लागि आयोगको कामकारवाहीसँग प्रत्यक्ष सरोकार भएको विषयमा ३ वटा कार्यविधि बनाइ लागू गर्ने वार्षिक लक्ष्य रहेकोमा निम्न विषयका कार्यविधिहरू मसौदा भई आयोगको बैठकबाट पारित भई लागू समेत भएको अवस्थामा यस तर्फ शतप्रतिशत लक्ष्य प्राप्ति भएको देखिन्छ ।

**१. विशेषज्ञ सेवा लिने सम्बन्धी कार्यविधि, २०७०**

यस कार्यविधिमा आयोगले आवश्यक विशेषज्ञ सेवा कसरी लिने भन्ने सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ ।

**२. राय सुझाव संकलन सम्बन्धी कार्यविधि, २०७०**

यस कार्यविधिमा यस आयोगले अध्ययन वा अनुसन्धानको क्रममा तथ्याङ्क संकलन वा सर्वसाधारणको राय संकलन गर्नुपर्दा के कसरी गर्ने भन्ने सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ ।

**३. वेबसाइट व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७०**

यस कार्यविधिमा यस आयोगले आफ्नो वेबसाइटमा राख्ने सामग्रीको पहिचान, अनुवाद, अपलोडीङ्ग लगायतका कार्यहरू के कसरी गर्ने भन्ने सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ ।

नेपाल कानून आयोग

## ४.६ खोजमूलक अध्ययन तथा अनुसन्धानः

यस वर्षका लागि आयोगले ३ वटा विषयमा खोजमुलक अध्ययन वा अनुसन्धान गर्ने लक्ष्य राखेकोमा लक्ष्य अनुरुप नै प्रगति हासिल गर्न आयोग सफल रहेको छ । यस वर्ष आयोगबाट निम्न विषयहरू अध्ययन गर्नका लागि उपयुक्त ठानी छनौट गरेको थियो ।

**१. न्यायीक पूनरावलोकनको क्रममा सर्वोच्च अदालतबाट भएको आदेशहरूको कार्यान्वयनको अवस्थाः**

सर्वोच्च अदालतले न्यायीक पूनरावलोकनको क्रममा विभिन्न मुद्दामा विभिन्न आदेशहरू गरेकोमा ती आदेशहरूको कार्यान्वयनको अवस्थाबारे स्पष्ट जानकारी लिने कुनै विधिवत अध्ययन भएको थिएन । त्यसै अवस्थालाई मध्यनजर गर्दै यस आयोगले सो सम्बन्धमा आवश्यक अध्ययन गरी फैसला कार्यान्वयनको अवस्थाको आंकलन गर्न प्रयत्न गर्नु उचित भएको महसुस गरेको थियो । उक्त अध्ययन यस आयोगको कार्यक्षेत्रको जिम्मेवारी अनुरुप पनि जरुरी रहेको महसुस गरी सो अध्ययन गराइएको थियो । सर्वोच्च अदालतले आवश्यक कानून निर्माण गर्न भनी गरेको कतिपय आदेशहरू कार्यान्वयन हुन नसकि त्यसै थन्किएको र त्यसबाट न्याय तथा कानूनका मान्यताहरू परिपालना हुन नसकेको अवस्थामा सो अध्ययन यस आयोगका लागि आवश्यक रहेको थियो ।

यद्यपि यस अध्ययनबाट कानून निर्माणको विषयवस्तुको हकमा चर्चामा रहे जस्तो केही पनि कार्यान्वयन नभएको अवस्था रहेको देखिएन् । तर पनि कतिपय विषयमा कानूनमा परिमार्जनको लागि आवश्यक मसौदा कार्य बांकी रहेको भने महसुस गरिएको छ । यस अध्ययन प्रतिवेदन उपर आगामी वर्ष विस्तृत र विषयगत अध्ययन पश्चात आवश्यक देखिएको मसौदा प्रारम्भ गर्न सकिने आयोगको अपेक्षा रहेको छ ।

**२. नेपाल कानून एकीकरण सम्बन्धी अध्ययनः**

कानूनको शासन, सरोकारवालाबाट कानूनको परिपालना लगायतका विषयहरू कानूनमा सहज पहुँच, कानून निर्माणमा एकरुपता, समान कानूनहरूको एकीकृत स्वरुप जस्ता विषयहरू उपर निर्भर रहन्छन् । त्यसैले कानूनको निर्माण गर्दा एकै विषयवस्तुको र एउटै कानूनबाट प्रशासन गर्न सकिने विषयहरूलाई पनि फरक फरक कानूनको स्वरुपमा फरक फरक कानूनी सन्यन्त्रको रुपमा निर्माण

नेपाल कानून आयोग

गर्दा कानूनको परिपालनामा कमि आउन सक्ने यस आयोगले महसुस गरेको छ ।

त्यसै गरी कानूनको एकीकरण वा संहिताकरण सम्बन्धमा आवश्यक कार्य गर्नु यस आयोगको नियमित जिम्मेवारी हो । तसर्थ यस आयोगले यस वर्ष नेपालमा विद्यमान कानूनी संयन्त्रहरू मध्ये एकीकरण गर्न सकिने कानूनहरूको अध्ययन गरेको थियो । आगामी वर्षमा एकीकरण हुन सक्ने विषयक्षेत्रका कानूनहरूको बारेमा ती कानूनका प्रत्यक्ष प्रयोगकर्ता निकाय तथा सरोकारवालाहरूसँग थप छलफल गरी एकीकरण प्रक्रिया अगाडी बढाउने आयोगको अपेक्षा छ ।

**३. तत्काल कार्यान्वयन नभएका ऐनहरूको पहिचान सम्बन्धी अध्ययनः**

कानून निर्माण भएर पनि कार्यान्वयनमा आउन नसकेका तथा विगतमा कार्यान्वयन हैसियत देखिएता पनि परिवर्तित सामाजिक, आर्थिक र प्रशासनिक अवस्थामा ती कार्यान्वयन योग्य हुन नसकेका तथा त्यस्ता कानूनहरूको उपस्थिति रहिरहनु खासै अर्थपूर्ण हुन नसकेको अवस्थामा पुगेका कानूनहरूको अध्ययन आयोगले गराएको थियो । यस अध्ययनबाट नेपालमा निष्क्रिय प्रायः भैसकेका कानूनहरूको पहिचान गरी अनावश्यक कानूनको खारेजी गर्नका लागि आवश्यक कानून पहिचान गर्ने र राज्य तथा नागरिकका लागि सहज कानूनी वातावरण निर्माण गर्न सहयोग हुने अपेक्षा आयोगको रहेको छ ।

आगामी वर्ष उक्त प्रतिवेदनले औंल्याएका कानूनहरूसँग सम्बन्धित देखिएका निकाय र अन्य सरोकारवालासँग छलफल गरी खारेजयोग्य ठहरिएका कानूनहरूको खारेजीका लागि आयोगले आवश्यक प्रक्रिया थाल्नेछ ।

नेपाल कानून आयोग

# परिच्छेद ५

# आयोगको कार्य पद्धति विश्लेषण

## ५.१ आयोगको कार्यपद्धतिः

नेपाल कानून आयोगले आफ्नो कार्य सम्पादन गर्दा नेपाल कानून आयोग ऐन, २०६३, प्रचलित नेपाल कानूनका साथै नेपाल सरकार र अन्य अधिकार प्राप्त निकायबाट समय समयमा जारी भएका निती निर्देशनको परिधिभित्र सीमित रहेर गर्ने गर्दछ ।

यस आयोगले कार्य गर्दा प्रत्येक वर्षको लागि वार्षिक कार्यक्रम निर्माण गर्ने र कानून बमोजिम स्विकृत वार्षिक कार्यक्रम अनुसार आफ्नो कार्य प्रणाली सञ्चालन गरी आएको छ । वार्षिक कार्यक्रम अनुसारको कार्यक्रम सञ्चालन गर्दा यस आयोगले सामान्यतः सरोकारवाला समेतको सहभागिता रहने गरी आवश्यकता अनुसारको समिति, उपसमिति वा कार्यदल गठन गरेर कार्य सम्पन्न गर्ने गर्दछ ।

यस आयोगको कार्यपद्धतिको विस्तृत विवरण तल विभिन्न शिर्षक/उपशिर्षकहरूमा उल्लेख गरिएको छ -

## ५.२ वार्षिक कार्यक्रमः

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा यस आयोगको काम कर्तव्य र अधिकारका वारेमा उल्लेख छ । उल्लेखित दफा १० को खण्ड (ड) मा आयोगले आफ्नो वार्षिक कार्यक्रम तयार गर्ने उल्लेख छ । तसर्थ यस आयोगले नेपाल कानून आयोग ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानून र कानून आयोगको कार्यक्षेत्रसँग सम्बन्धित हुने अन्य मान्यताहरू समेतलाई ध्यानमा राख्दै यस आयोगको कार्यक्षेत्र भित्र पर्ने विविध विषयहरूसँग सम्बन्धित क्रियाकलापको निर्धारण गर्ने गर्दछ । यसरी निर्धारित क्रियाकलापहरूलाई नेपाल सरकारको वार्षिक बजेटबाट विनियोजन भएको साधन स्रोतहरूको सिमाङ्कनभित्र रहेर आयोगले उक्त वर्षका लागि सञ्चालन गरिने कार्यक्रमहरूको पहिचान गर्दछ र वार्षिक कार्यक्रम तयार गर्दछ । यसरी तयार गरिएको वार्षिक कार्यक्रम राष्ट्रिय योजना आयोगबाट स्वीकृतीका लागि पठाउने गरिन्छ । आगामी वर्ष देखि खर्च बजेटको सीमाका आधारमा राष्ट्रिय योजना आयोगको स्वीकृती लिनु नपर्ने खालका कार्यक्रम भनी निर्धारण भएको मापदण्ड हेर्दा अबका वर्षहरूमा कानून आयोगको कार्यक्रम आयोगबाटै स्वीकृत गर्न मिल्ने अवस्था देखिएको छ । वार्षिक कार्यक्रममा आवश्यक हेरफेर, कार्यक्रमको चौमासिक विभाजन लगायतका कार्यहरू



नेपाल कानून आयोग

www.lawcommission.gov.np

प्रचलित कानून, अभ्यास र मान्यता तथा सम्बन्धित निकायको निर्णय अनुरुप नै गर्ने गरिन्छ ।

## ५.३ विधेयक मसौदा प्रक्रियाः

नेपाल कानून आयोगको प्रमुख कार्य भनेको कानूनको अध्ययन अनुसन्धानका अतिरिक्त विधेयकको मसौदा गर्नु हो । तसर्थ नेपाल कानून आयोगको वार्षिक कार्यक्रम र कार्यपद्धतिमा सबै भन्दा ठुलो स्थान ओगटने क्षेत्र विधेयक निर्माण प्रक्रियासँग सम्वद्ध छ । विधेयक निर्माण प्रक्रिया अन्तर्गत यस आयोगको कार्यपद्धतिलाई निम्न उपशिर्षक अन्तर्गत विश्लेषण गर्न सकिन्छ :-

### ५.३.१ समिति, उपसमिति वा कार्यदल गठनः

नेपाल कानून आयोगले आफ्नो कार्य सञ्चालनका क्रममा आवश्यक समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने अधिकार नेपाल कानून आयोग ऐन, २०६३ को दफा १८ ले दिएको छ । सो अधिकार प्रयोग गरेर आयोगले आवश्यक समिति, उपसमिति वा कार्यदल गठन गर्दछ ।

यस आयोगले कुनै विधेयकको तर्जुमा गर्नुपर्दा यिनै समिति, उपसमिति वा कार्यदल गठन गर्ने गरेको छ । सामान्यतः आयोगको पदाधिकारीको संयोजकत्वमा आयोगका पदाधिकारी, सरोकारवाला निकायका प्रतिनिधि र विषयसँग सम्बन्धित विज्ञ र आवश्यक देखिएको अन्य विशेषज्ञ रहेको कार्यदल गठन गर्ने गर्दछ । यसरी गठन भएको कार्यदलले आयोगको निर्णयबाट प्राप्त कार्यादेश तथा अधिकार र सुविधाको सीमाभित्र रहेर आवश्यक छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन भ्रमण, सेमिनार, गोष्ठी समेतका कार्यहरू संचालन गर्दछ ।

### ५.३.२ अवधारणापत्रको तयारीः

आयोगबाट गठन भएको कार्यदलले आफुले तर्जुमा गर्ने कानूनको वा कुनै कानूनको अध्ययन अनुसन्धान गर्दा विषय पहिचान भइनसकेको तर अध्ययनले समेट्नु पर्ने विषयमा सो विषयको ज्ञान भएको व्यक्तिबाट कार्यपत्र वा अवधारणापत्र वा विस्तृत कार्यादेश तयार गराउँदछ । कार्यदलले आवश्यक देखेको विषयमा यस्तो अवधारणापत्र माग गर्ने तथा सो का आधारमा कानून तर्जुमा वा अध्ययन अनुसन्धानको कार्य अगाडी बढाउने गर्दछ । यसका अतिरिक्त कतिपय विषयमा आयोग आफैले आवश्यक अध्ययन र छलफल



नेपाल कानून आयोग

अगाडी बढाउनका लागि अवधारणाापत्र आवश्यक रहेको ठहर गरेर सो को तयारी गराउन सक्छ । सम्वद्ध विषयमा अवधारणापत्रहरू तयार गर्ने कार्य आयोगको कार्यपद्धतिको प्रमुख अङ्गको रुपमा स्थापित भएको छ ।

### ५.३.३ सरोकारवालासँग अन्तरक्रिया वा छलफलः

नेपाल कानून आयोगको कानून तर्जुमाको समग्र कार्यप्रणाली नै विषयको समग्र पहिचान तथा सरोकारवालाको यथासम्भव सहभागितामा आधारित रहेको छ । तसर्थ यस आयोगले आफ्नो कार्यप्रणालीमा अन्तरक्रिया वा छलफललाई नितान्त आवश्यक कार्यचरणको रुपमा विकास गरेको छ । आयोगले मसौदाको लागि विषयक्षेत्रको निर्धारणको क्रममा नै सरोकारवालाको सहभागिता आवश्यक देखेमा अवधारणापत्रमा र मसौदा भएको विधेयकमा सरोकारवालाको सहभागिता जरुरी ठानेमा मसौदा भएको विधेयकमा सरोकारवालाको सहभागितामा छलफल कार्यक्रहरू चलाउने गरेको छ ।

### ५.३.४ आयोगको बैठक र निर्णयः

यस आयोगबाट गठन भएका कार्यदल वा समितिले आफ्नो निष्कर्ष सहितको मसौदा वा प्रतिवेदन (तोकिएको कार्य जिम्मेवारीको आधारमा) आयोग समक्ष प्रस्तुत गरिसकेपछि सो सम्बन्धमा आयोगको बैठकमा छलफल गर्ने गरिन्छ । आयोगको बैठकबाट पनि सो विषय उपयुक्त देखिए सोही स्वरुपमा तथा केही परिमार्जन आवश्यक देखिए परिमार्जन पश्चात परिमार्जित स्वरुपमा नेपाल सरकार समक्ष सिफारिश गर्ने गरिन्छ । यस आयोगको लागि सम्पर्क मन्त्रालय कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय रहेको हुनाले सोही मन्त्रालय मार्फत यस आयोगले आफ्ना प्रतिवेदनहरू नेपाल सरकार समक्ष प्रस्तुत गर्ने गर्दछ । तर कुनै अन्य निकाय वा मन्त्रालयको अनुरोधमा कुनै अध्ययन वा तर्जुमा कार्य गरिएको छ भने सोही अनुरोधकर्ता निकायलाई नै अनुरोध बमोजिमको दस्तावेज उपलब्ध गराइन्छ र सोको जानकारी सम्वद्ध अन्य निकायमा समेत गराइन्छ ।

## ५.४ कानून तर्जुमाका लागि विषयवस्तु पहिचानको प्रक्रियाः

नेपाल कानून आयोगको समग्र कार्यप्रणालीको मुल आधार भनेको नै कानून तर्जुमाका लागि पहल गर्नुपर्ने विषयवस्तुको पहिचान हो । तसर्थ त्यसको उल्लेख नगरी यस आयोगको समग्र कार्यप्रणालीको विश्लेषण असम्भवप्रायः हुन जान्छ । यस आयोगले

नेपाल कानून आयोग

कानून तर्जुमाका लागि विषयवस्तुको पहिचान गर्दा निम्न मध्येको सबै वा कुनै आधारलाई अवलम्बन गर्ने गर्दछः-

**५.४.१ सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्तः**

सर्वोच्च अदालतबाट मुद्दाको रोहमा भएको कुनै आदेश जसले कुनै कानूनको निर्माण वा संशोधन गर्नु भनेको छ, सो आदेश यस आयोगको कानून तर्जुमा सम्बन्धी कार्यका लागि प्रमुख आधारहरू मध्येको एक हो । यस आयोगले सर्वोच्च अदालतको फैसलाले कुनै कानून निर्माण गर्नु जरुरी रहेको वा कुनै विद्यमान कानूनमा कुनै संशोधन जरुरी रहेको छ भने सो को अध्ययन पश्चात तर्जुमाको लागि निर्धारण गरेको कार्यप्रक्रिया बमोजिम त्यस्तो कानून तर्जुमाको कार्य प्रारम्भ गर्दछ ।

**५.४.२ सरकारी निकायको अनुरोधः**

नेपाल कानून आयोगले नेपाल सरकार वा सरकारका निकायहरूबाट कुनै कानून निर्माणको लागि वा कुनै संशोधन मसौदा गर्नका लागि अनुरोध भई आएकोमा सो बमोजिम पनि मसौदा कार्य गर्ने गर्दछ । यस आयोगको लागि नेपाल सरकार वा सरकारको कुनै मन्त्रालय र अन्य निकायको अनुरोध पनि कानून तर्जुमाको लागि प्रमुख आधार हो । यस वर्ष पनि नेपाल सरकारका विभिन्न निकायको अनुरोधमा भूमिगत जलस्रोतको नियमनका लागि, परमाणविक पदार्थको प्रयोगको नियमनका लागि यस आयोगले मसौदा कार्य गरेको छ । त्यसै गरी अर्धन्यायीक निकायले गर्ने न्याय निरुपण कार्यको सम्बन्धमा आवश्यक कानूनी मसौदाको लागि यस आयोगमा प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयबाट अनुरोध भइआएको छ । यस अतिरिक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को संशोधन विधेयकको मसौदा आयोगमा आवश्यक परिमार्जनका लागि अनुरोध भई आएको छ ।

**५.४.३ कानून सुधार सम्बन्धी प्रस्ताव आह्वानः**

नेपाल कानून आयोगले कानून सुधारको सम्बन्धमा आवश्यक प्रस्ताव आह्वान गरेर सो का आधारमा समेत यस आयोगले कानून तर्जुमाको प्रक्रिया अगाडी बढाउने नयाँ कार्यको शुभारम्भ गरेको छ । आगामी वर्षहरूमा सो कार्य यस आयोगको लागि प्रमुख आधारको रुपमा विकसित हुने अपेक्षा आयोगले गरेको


नेपाल कानून आयोग

छ । कुनै विषयमा कानून निर्माण वा विद्यमान कानूनी व्यवस्थामा संशोधन आवश्यकताको पहिचान गरी कुनै पनि व्यक्ति निकाय वा पेशागत संगठनले यस आयोग समक्ष अनुरोध गरेमा सम्बद्ध पक्षहरूसँग छलफल गरी सोको आधारमा कानून तर्जूमा वा संशोधन प्रक्रिया अगाडी बढाउने वा बढाउन प्राथमिकता तोक्ने गरी कार्य प्रारम्भ गर्ने आयोगले निश्चय गरेको छ ।

**५.४.४ कानून सुधार सम्बान्धमा समुदायको धारणाः**

नेपाल कानून आयोगले यस वर्ष कानून निर्माणका लागि समुदायको योगदानको पहिचान गरेको छ । समुदाय वा समाजमा कानूनको आवश्यकता वा कानूननको जटीलता महसुस गरेर यस आयोग समक्ष आफ्ना समस्या र सो को समाधानका लागि गर्नुपर्ने कानून निर्माण, विद्यमान कानूनमा परिमार्जन वा अन्य कुनै मसौदा कार्यका लागि यस आयोगमा आउने समुदायका प्रतिनिधी र तिनको गुनासोलाई पनि यस आयोगले कानून तर्जुमाको आधारको रुपमा लिने गरेको छ । यद्यपि यस आधारमा कुनै पनि कानूनको तर्जुमा यस आयोगले गरिसकेको अवस्था छैन, तर यस आयोगले महिलाका विषय, विज्ञापन र अन्य व्यवसायिक विषय लगायतका धेरै विषयहरूमा सरोकारवाला समुदाय र समुहका व्यक्तिहरूसँग छलफल गरेको छ । आगामी वर्षमा सो आधारमा कानून तर्जुमाको कार्य प्रारम्भ गर्न सक्ने अपेक्षा यस आयोगको छ ।

**५.४.५ अध्ययन अनुसन्धानः**

नेपाल कानून आयोग कानूनको सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने राज्यको एकमात्र स्थायी संरचना हो । आयोगले आफ्नो एकल वा अन्य कुनै निकायसँगको संयुक्त प्रयासमा गम्भीर कानूनी वहसलाई सक्रिय बनाउन सक्ने भएकाले कानूनी विषयमा अध्ययन अनुसन्धान हुन नसकेको तर आवश्यकता देखिएको विषयमा अध्ययन अनुसन्धान गर्न गराउन सक्छ । कुनै कानून सुधारका क्रममा सम्बद्ध बिषयहरूको पहिचान गरिएको छैन र विद्यमान समस्याहरू सर्वाधिक उपयुक्त किसिमले समाधान गर्न सकिने कुराको सुनिश्चितताका लागि पनि आयोगले सरोकारवालाहरू र विषयका विज्ञहरूको सहयोग लिई अध्ययन अनुसन्धानमा आधारित कानून निर्माण, संशोधन, पुनरावलोकन वा खारेज प्रक्रियामा आफ्नो संलग्नता देखाउँछ ।

यसरी आयोगले सञ्चालन गर्ने अध्ययन तथा अनुसन्धानहरू आयोगको काम कारवाहीका प्रमुख आधार हुन । यस्ता अध्ययनबाट उपलब्ध भएका

नेपाल कानून आयोग

प्रतिवेदनहरूको आधारमा आयोगले आफ्ना कामकारवाही सञ्चालन गर्ने गरेको छ ।

## ५.४ आयोगको बैठक :

नेपाल कानून आयोगको उच्च अङ्गको रुपमा आयोग रहेको कुरा माथि विभिन्न परिच्छेद र शिर्षकहरूमा चर्चा भई नै सकेको छ । यस आयोगबाट तर्जुमा हुने मसौदा नेपाल सरकार समक्ष सिफारिश गर्ने बाहेकका पनि धेरै कार्यहरू आयोगबाट सम्पादन गर्ने गरिन्छ । आयोगबाट सम्पादन हुने भनिएका कार्यहरू सबै आयोगको बैठकबाट निर्णय गरेर सम्पादन गर्ने गरिन्छ । यद्यपि आयोगले आफूलाई प्राप्त मध्ये कुनै अधिकार आयोगको अध्यक्ष, उपाध्यक्ष, कुनै पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न पाउने व्यवस्था समेत रहेको छ र सो को हकमा सोही बमोजिम गर्ने गरिन्छ । समग्रमा भन्दा आयोगको बैठक नेपाल कानून आयोगको सर्वोच्च निर्णय निकाय हो ।

नेपाल कानून आयोग

# परिच्छेद ६

# आयोगमा उपलब्ध साधन स्रोत

यस आयोगमा रहेको जनशक्तिको सम्बन्धमा माथि विभिन्न शिर्षकहरू अन्तर्गत छलफल गरी नै सकिएको छ । यस आयोगको जनशक्तिको आयोगको कार्यक्षेत्र र अपेक्षासँग तुलना गर्दा आयोगको संगठनात्मक संरचना परिवर्तन गर्नु आवश्यक भैसकेको छ । आयोगको काम, कर्तव्य र अधिकारको परिधि यति विस्तारित छ कि यसबाट सम्पादन हुनु पर्ने कामको एक चौथाई काम पनि आयोगले सम्पन्न गर्न सकेको छैन । त्यस परिदृश्यबाट आयोग आफैँ र सरकारको प्रतिवद्धता अझै स्पष्ट छैन । तर यस आयोगमा उपलब्ध रहेको साधन र स्रोतको तुलना यसको जिम्मेवारीलाई हेर्ने हो भने आयोग त्यति ठूलो जिम्मेवारी निर्वाह गर्ने निकाय हुन सक्दैन नै भन्नु पर्छ ।

कानून तथा न्यायको समग्र प्रणालीको आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने जिम्मेवारी बोकेको आयोगले मुलुकमा आवश्यक पर्ने कानून र तिनको समय सापेक्ष पुनरावलोकन गर्दै आवश्यक कानूनको निर्माणबाट आम जनजीवनका सम्पूर्ण पक्षहरूलाई प्रभाव पार्न सक्नु पर्छ । तर सबै खालका स्रोतहरूका अभावमा कार्य गर्नु पर्ने बाध्यताबाट गुज्रिएको कानून आयोगले आम जनजीवनमा ठुलो प्रभाव पार्ने प्रसंग त परै जाओस् आफ्नो उपस्थिति प्रमाणित गरिरहन पनि निकै चुनौती व्यहोर्नु परिरहेको छ ।

नेपाल सरकारको तर्फबाट वित्तीय स्रोतको विनियोजनको जिम्मेवारी लिएका निकायहरूले भौतिक रुपमा महसुस गर्न सकिने विषयहरूलाई मात्र विकास ठान्ने र त्यसलाई मात्रै महत्व दिने अवस्थामा सामाजिक अनुसन्धान नै मुल कार्यक्षेत्र रहेको यस आयोगलाई विकासको संवाहक नमानिदिएको वा पहिचान गर्ने हैसियत नभएको कारण आयोगको पूर्वाधार संकटग्रस्त रहेको छ । यी र यावत समस्याहरू रहेका छन् जसको सम्बन्धमा अर्को परिच्छेदमा छुट्टै चर्चा गरिनेछ । यस परिच्छेदमा यस आयोगलाई उपलब्ध गराइएको साधनस्रोतको अवस्थाको सम्बन्धमा मात्र चर्चा गरिएको छ ।

## ६.१ आयोगमा रहेको मानव स्रोतः

यस आयोगलाई उपलब्ध मानव स्रोतको चर्चा गर्नुपर्दा विभिन्न पक्षबाट चर्चा गरिनु जरुरी हुन आउँछ । स्थायी निजामती कर्मचारी यस आयोगको मानवस्रोतको एक मात्र स्रोत हो । यस देखि बाहेक आवश्यकता अनुसार विज्ञको सेवा लिन सक्ने अवस्थामा रहेको यस आयोगको मानवस्रोतको अन्य विषयहरू उपर फरक रुपमा चर्चा गरिनु

नेपाल कानून आयोग

जरुरी हुने देखिएकोले यो विषयलाई निम्न बमोजिमका उपशिर्षकहरूमा बांडेर यस प्रतिवेदनमा उजागर गर्ने प्रयत्न गरिएको छ :-

### ६.१.१ आयोगको स्थायी कर्मचारी

निजामती कर्मचारी नै मानवस्रोतको एकमात्र भरपर्दो र स्थायी आधारको रुपमा रहेको यस आयोगमा यस वर्ष कुल २२ जना कर्मचारी दरबन्दी रहेको छ । यो दरबन्दी पनि आगामी वर्ष देखि २१ जनामा परिणत हुन गईरहेको छ । कार्यप्रकृतिका आधारमा नै विज्ञ र कानून क्षेत्रको ज्ञान रहेको जनशक्ति रहनुपर्ने यस आयोगमा रहेको कुल २२ दरबन्दी मध्ये १ सचिव, २ सहसचिव, २ उपसचिव र २ शाखा अधिकृतको दरबन्दी कानून सेवाको दरबन्दी अन्तर्गत छन् । सो बाहेक अरु सबै दरबन्दी प्रशासन र अन्य सेवा समूहको रहेको छ ।

अध्ययन तथा अनुसन्धानको आधारमा कानूनी प्रणालीको विकासमा योगदान दिने अपेक्षा गरिएको यस आयोगमा पुस्तकालयको व्यवस्थापन गर्न सक्ने दक्ष जनशक्तिको समेत अभाव छ । सो देखि बाहेक कानून निर्माणसँग प्रत्यक्षतः सम्बद्ध हुन आउने कतिपय विषय क्षेत्रका विशेषज्ञ जनशक्तिको दरबन्दी यस आयोगमा रहेको छैन । कानून निर्माण गर्दा त्यसको समाजशास्त्रिय विश्लेषण जरुरी हुने गर्दछ । त्यसै गरी कुनै पनि कानूनको निर्माणबाट पर्ने आर्थिक प्रभावको विश्लेषण पनि निकै जरुरी रहेको हुन्छ । ति सबै कार्य गर्ने दक्षता यस आयोगमा उपलब्ध स्थायी जनशक्तिसँग रहेको छैन । त्यस माथि पनि उपलब्ध जनशक्तिलाई आवश्यक तालिम र क्षमता अभिवृद्धि कार्यक्रमको अभावमा पर्याप्त रुपमा उपयोग गर्न नसकिएको अवस्था छ ।

### ६.१.२ प्रशिक्षार्थी विद्यार्थीः

यस आयोगले विभिन्न विश्वविद्यालयमा कानूनको विभिन्न विधामा अध्ययन गरिरहेका विद्यार्थीहरू मध्येबाट आवश्यक संख्यामा प्रशिक्षार्थी छनौट गरी केही प्रोत्साहन रकम उपलब्ध गराएर अनुसन्धानमा सहायक जनशक्तिको रुपमा प्रयोग गर्न सकिने अवस्था रहेको भएता पनि आर्थिक अभावले यस आयोगलाई सो गर्नबाट वञ्चित गरेको छ । यसर्थमा आयोग स्थायी मात्र होइन प्रशिक्षार्थी अनुसन्धानवेत्ताको प्रयोग गर्नबाट समेत वञ्चित भएको छ । यसलाई आगामी वर्षभरी विशेष ध्यान दिई कानून तर्जुमा र कानूनको अध्ययन अनुसन्धानमा विद्यार्थीहरूको उपयोग गर्दै जनशक्ति निर्माण गर्न समेत आयोगले संस्थागत पहल शुरु गर्ने भएको छ ।

नेपाल कानून आयोग

### ६.१.३ **विशेषज्ञ जनशक्तिः**

यस आयोगको कार्य प्रकृति अनुसार विशेषज्ञ जनशक्तिको आवश्यकता पर्ने विषय माथि नै विभिन्न शिर्षकहरूमा उजागर गरिसकिएको छ । तर यो आयोग आवश्यकता अनुसारको विशेषज्ञ जनशक्ति लिने अवस्थामा रहेको छैन । विभिन्न विषयका कानूनको तर्जूमाका लागि आवश्यकतानुसार विषय विज्ञको सेवा लिनुपर्ने अवस्थाको यो आयोगमा कानूनको सिमित जनशक्ति बाहेक अन्य विषयको दक्ष र विशेषज्ञ जनशक्ति नभएको मात्र होइन, यस वर्षभरि नै आवश्यक वित्तीय स्रोतको अभावमा त्यस्तो जनशक्ति यस आयोगले सेवा करार वा अन्य कुनै प्रकारले समेत काममा लगाउन सकेन । सिमित साधनका कारणले मात्र ३ वटा अनुसन्धानमा दक्ष जनशक्तिलाई करार गरी काममा लगाउन सकिएको अवस्था छ । यसलाई आगामी वर्षमा ध्यान दिई विज्ञ जनशक्ति आवश्यक विषयका लागि नियुक्त गर्ने तर्फ आयोग सचेत भएको छ ।

## ६.२ **भौतिक स्रोतः**

यस आयोगको भौतिक अवस्थामा विगत वर्षहरूमा भन्दा यस वर्ष पनि खासै सुधार हुनसकेको अवस्था छैन । आयोगको कार्यालय भवन, पुस्तकालय लगायतका अन्य स्रोतहरूमा खासै उपलब्धि यस वर्ष पनि हासिल हुन सकेको अवस्था छैन । तरपनि जे जस्तो अवस्था रहेको छ, त्यसलाई निम्न बमोजिमका शिर्षकहरू अन्तर्गत उल्लेख गरिएको छः-

### ६.२.१ **सञ्चारः**

नेपाल कानून आयोगको एउटा प्रमुख परिचय नै यस आयोगको वेबसाइट बनेको छ । दैनिक हजारौं सेवाग्राहीले प्रयोग गर्ने वेबसाइट सञ्चालन गर्ने यस आयोगसँग आफ्नो वेबसाइटका लागि आवश्यक सुरक्षा तथा अन्य व्यवस्थापकिय विषयको जानकारी रहेको एउटा मात्र पनि कर्मचारी नरहेको मात्र होइन, सो का लागि आवश्यक शाखाको व्यवस्था गर्ने हैसियत समेत यस आयोगसँग रहेको छैन । आयोगको वेबसाइटलाई अद्यावधिक गर्नका लागि आवश्यक सूचनाको पहिचान गर्ने र सोलाई वेबसाइट मार्फत प्रयोगकर्तालाई उपलब्ध गराउनका लागि कुनै निर्धारित मापदण्ड यस आयोगले निर्धारण गर्न सकेको छैन । यस आयोगसँग सो कार्य गर्नका लागि जिम्मेवारी दिन सकिने जनशक्तिको अभाव रहेको अवस्था त छंदैछ । आफ्ना सेवाग्राहीसँग अन्तरक्रिया गर्न मिल्ने खालको वेबसाइटको अभाव यस आयोगले यस वर्षभरि नै महसुस

नेपाल कानून आयोग

गरिरहेको थियो । आगामी वर्ष कम्तिमा पनि वेबसाइटका प्रयोगकर्तासँग यस आयोगले आवश्यक अन्तरक्रिया गर्न सक्ने अपेक्षा गरेको छ र गत आ.व. मा तीन पटक आयोगको वेवसाइट अतिक्रमण भएकोले वेव सुरक्षा प्रमुख चासोको विषय भएको छ ।

**६.२.२ पुस्तकालयः**

नेपाल कानून आयोगमा २०३६ सालदेखि पुस्तकालय स्थापना भएको हो । पुस्तकालयमा हाल नेपाल कानून आयोगले खरिद गरेका, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित ३००० भन्दा वढि पुस्तकहरू रहेका छन् । तर पुस्तकालय व्यवस्थापनको विज्ञ जनशक्ति र आवश्यक उपयुक्त भवनको अभावमा यस आयोगको पुस्तकालय व्यवस्थापन हुन सकेको छैन भने पुस्तकालय प्रयोग वातावरणको अभावमा प्रयोगहिन बन्दै गएको छ ।

**६.२.३ आयोगको भौतिक अवस्थाः**

आ. व. २०६९/७० को अवधिमा आयोगमा रहेका भौतिक सामाग्रीहरूको विवरण यस प्रकार रहेको छ ।

(क) **सवारी साधन :**

यस आयोगले यस वर्ष आयोगका सचिवको लागि सवारी साधन खरिद गरेको छ । आयोगमा रहेका केही पुराना सवारी साधनहरू प्रयोग योग्य नभएका कारण लिलाम गर्नुपर्ने अवस्थामा थिए । ती सवारी साधनहरू आयोगबाट यस वर्ष लिलाम गरिएको छ । यस आयोगले लिलाम गरेको र हाल आयोगसँग रहेका सवारी साधनहरूको विवरण निम्न बमोजिम रहेको छः

**यस वर्ष लिलाम गरिएका सवारी साधनहरू**

| | | |
|---|---|---|
| मारुती कार | एक | लिलाम सकार भएको |
| मारुती एक्सटीम | एक | लिलाम सकार भएको |

नेपाल कानून आयोग

**हाल आयोगसँग रहेका सवारी साधनहरू**

| | | |
|---|---|---|
| टोयटा ल्याण्ड क्रुजर जीप | एक थान | २० वर्षभन्दा पुरानो भई प्रयोग गर्नु खासै उपयुक्त नरहेको । |
| हुण्डाई सान्ट्रो जी. एल. कार | एक थान | आ.व. २०६६/६७ मा खरिद भएको |
| हुण्डाई आई-२० कार | एक थान | आ.व. २०६७/६८ मा खरिद भएको |
| हुण्डाई सान्ट्रो कार | एक थान | आ. व. २०६८/६९ मा अर्थ मन्त्रालयबाट हस्तान्तरण भएको |
| महिन्द्रा स्करपीयो जीप | एक थान | आ. व. २०६८/६९ मा शान्ति कोषको सचिवालयबाट हस्तान्तरण भएको । |
| हुण्डाई आई-२० स्पोर्ट्स | एक थान | आ.व. २०६९/७० मा खरिद भएको |
| मोटर साइकल | तीन थान | |
| Chargable Cycle | दुई थान | |

**(ख) विद्युतीय उपकरणहरू:**

यस आयोगसँग आयोगको प्रयोगको लागि निम्न बमोजिमका विद्युतीय सामग्रीहरू रहेका छन । आयोगको कार्यप्रकृति नै अनुसन्धान मुलक भएको अवस्थामा ल्यापटप कम्प्युटरको आवश्यकता बढी नै रहेको देखिन्छ । तर यस आयोगमा रहेको जनशक्तिको तुलनामा ल्यापटप कम्प्युटरको उपलब्धता न्यून रहेको छ । अझ विविध विषयका विशेषज्ञहरूलाई आयोगमा ल्याएर अनुसन्धान लगायतका काममा लगाउने हो भने सो का लागि ल्यापटप मात्र नभएर डेस्कटप कम्प्युटर नै पनि उपलब्ध गराउन नसकिने अवस्थामा यो आयोग छ । तथापी यस वर्ष आयोगले केही डेस्कटप र ल्यापटप कम्प्युटरहरू खरिद गरेको छ । नेपाल सरकारबाट प्राप्त बजेटलाई विगत वर्षहरूसँग दांजेर हेर्दा यो वर्ष श्रोतसाधनको अपर्याप्तताका बावजुद पनि केही सन्तोष लिनुपर्ने



www.lawcommission.gov.np
नेपाल कानून आयोग

ठाउँ छ । आयोगमा उपलब्ध विद्युतीय उपकरण निम्न बमोजिम रहेको छः-

| | | |
|---|---|---|
| फोटोकपी मेशिन | एक थान | चालु अवस्थामा रहेको । |
| प्रिन्टर | नौं थान | चालु अवस्थामा रहेका । |
| ल्यापटप कम्प्युटर | छ थान | चालु अवस्थामा रहेका । |
| डेक्सटप कम्प्युटर | तेह्र थान | चालु अवस्थामा रहेका । |
| फ्याक्स मेशिन | दुई थान | चालु अवस्थामा रहेका । |
| स्क्यानर मेशिन | एक थान | चालु अवस्थामा रहेको । |
| पावर हेड प्रोजेक्टर | एक थान | चालु अवस्थामा रहेको । |

(ग) **भवन तथा घरजग्गाः**

भवनको विषयमा यो आयोग साह्रै नै दयनीय अवस्थामा रहेको छ । सरकारको केन्द्रिय प्रशासनिक भवन सिंहदरबारको हाता भित्र रहेर पनि निकै सानो कार्यालयमा कार्य गर्नुपरिरहेको छ । नेपाल कानून आयोगको आफ्नो निजी भवन नरहेको र हाल सिंहदरवार स्थित शान्ति तथा पुनःनिर्माण मन्त्रालय बसेको भवनको भुईंतल्लाको केही कोठाहरू लिएर यस आयोगको कार्यालय संचालन भैरहेको अवस्था छ र यो यस आयोगको विद्यमान दरबन्दी अनुसारको कर्मचारीहरूको लागि समेत अपर्याप्त छ । भवनको सम्बन्धमा विगत वर्षहरू देखिको दुःरावस्थाले यस वर्ष पनि निरन्तरता पाएको छ ।

(घ) **आयोगको वित्तीय स्थितिः**

यस आयोगको वित्तीय स्रोत नेपाल सरकार नै हो । यस आयोगको सम्पुर्ण कार्यक्रमहरूको सञ्चालन नेपाल सरकारबाट प्राप्त वित्तीय स्रोतमा निर्भर छ ।

यस वर्ष आयोगका लागि व.उ. शी. नं. ३११०१२३ (चालु) अन्तरगत १,२८,९१,६८५।- र व. उ. शी. नं.३११०१२४ (पूँजीगत) तर्फ रु ५९१००००।- वार्षिक वजेट विनियोजन भई खर्च गर्ने अख्तियारी प्राप्त भएको थियो । यसमध्ये तोकिएको कार्य तथा सेवामा खर्च भई हुन गएको प्रगति यसै वार्षिक प्रगति प्रतिवेदन साथ संलग्न गरिएको छ । जसबाट सम्पूर्ण स्थिती अवगत गर्न सकिन्छ ।



www.lawcommission.gov.np

नेपाल कानून आयोग

# परिच्छेद ७

# समस्या, चुनौती तथा अवसरका सम्भावनाहरू

नेपाल कानून आयोगको प्रमुख कार्य मुलुकको कानूनी तथा न्याय प्रणालीको निरन्तर पुनरावलोकन गरेर त्यसमा समयानुकुल संशोधन वा सुधारको प्रस्तावहरू तयार गर्नु र सो माध्यमबाट राज्यको कानूनी प्रणालीको दिगो संरक्षण समेत गर्नु हो । नेपाल कानून आयोग ऐन, २०६३ को प्रस्तावना हेर्ने हो भने नेपालमा कानुनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानुनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानुन र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्नको लागि नेपाल कानुन आयोगको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपाल कानून आयोगको स्थापना गरिएको हो भनिएको छ । नेपाल कानून आयोग ऐन, २०६३ को दफा ३, १० तथा २१ मा उल्लेख भए अनुसार नेपाल कानून आयोग कानून वा न्यायका क्षेत्रमा अध्ययन अनुसन्धान एवं खोजमुलक कार्य गरी कानून निर्माण, प्रचलित कानूनको संशोधन, पुनरावलोकन, संहिताकरणका लागि सिफारिश गर्ने एक मात्र स्थायी निकायको रुपमा रहेको छ ।

यति ठूलो महत्वको निकायलाई मूलत: फेरि पहिचानकै समस्या रहेको छ । यसको मूल कारण नेपालमा विकास र कानूनलाई छुट्टै र अलग अलग रुपमा हेरिने परम्परा हो । यहि दृष्टिकोणबाट नेपालमा न त दिगो विकास सम्भव भयो न त न्यायसंगत र औचित्यपूर्ण कानूनको कार्यान्वयन सुनिश्‍चित रह्यो ।

## ७.१ नेपाल कानून आयोग समक्ष रहेका समस्याहरू:

यस आयोगले यस वर्ष भोगेका समस्याहरू धेरै नै छन् । कतिपय समस्याहरू प्रसंगवश माथिल्ला परिच्छेदहरूमा चर्चा गरिसकिएको छ । यस वर्ष यस आयोगले भोगेका सम्पूर्ण समस्याहरूलाई निम्न बमोजिम विभिन्न शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ:

### ७.१.१ पहिचानको समस्याः

नेपाल कानून आयोगले यस वर्ष भोगेको सबैभन्दा प्रमुख र ठुलो समस्याको रुपमा पहिचानको समस्या रहेको छ । नेपालमा रहेको कानून तर्जुमा तथा समग्र कानूनी र न्याय प्रणालीको पुनरावलोकन गर्ने अधिकार प्राप्त एकमात्र निकाय नेपाल कानून आयोगलाई मुलुक भित्र कहां, कति, कसरी र के कुन आधार

नेपाल कानून आयोग

कारणले कानूनहरू निर्माण वा संशोधन, खारेजी हुँदैछन भन्ने जानकारी समेत नहुने अवस्था यस वर्ष पनि यस आयोगले महसुस गरेको छ । एउटा निकाय जसलाई समग्र कानूनी प्रणालीलाई नै मार्गदर्शन गर्ने गरी आवश्यक कानूनको विकास गर्ने अधिकार छ, त्यो निकायलाई कानून किन बन्दैछन र कसरी कसले बनाउँदैछ भन्ने जानकारी नै नहुने अवस्थामा रहनुलाई विडम्बना बाहेक अरु केही भन्न सक्ने अवस्था देखिंदैन ।

यसै कुरालाई दृष्टिगत गर्दै यस आयोगले यस वर्ष नेपाल सरकारलाई विभिन्न ६ बुँदाहरू, जसले कानूनी प्रणालीको विकासमा योगदान गर्दछन, पहिचान गरेर नेपाल सरकारलाई उपलब्ध गराएको थियो र सो बमोजिमका कानूनहरूको निर्माणमा यस आयोगको नेतृत्व रहनु आवश्यक रहेको जानकारी समेत नेपाल सरकारलाई गराएको थियो । यद्यपि नेपाल सरकारका निकायहरूलाई सो बमोजिम हुनका लागि भनेर आवश्यक पत्राचार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट भएको र यस आयोगलाई सो को बोधार्थ समेत प्राप्त भएको छ, तर सो बमोजिम काम, कारवाही भएको यस आयोगलाई कुनै किसिमले महसुस हुने वातावरण प्रायः यस वर्ष भरि नै भएन । विडम्बना नै भन्नुपर्ला, नेपाल कानून आयोगलाई कतिपय कानूनहरूको निर्माण वा संशोधन प्रयासका विषयहरूको जानकारी दैनिक पत्रपत्रिकामा छापिने समाचार पढे पश्चात मात्र हुने गरेको छ । यद्यपि यस वर्ष नेपाल सरकारबाट केही विषयहरूमा यस आयोगलाई कार्य गर्नका लागि सिफारिश भएको छ, तापनि समग्रमा सरकारी निकायहरूले कानून निर्माण वा संशोधनमा अवलम्बन गरेको प्रवृत्ति हेर्दा यस आयोगले अझै पनि आफ्नो पनि अस्तित्व छ भनी नेपाल सरकार र सरकारी निकाय समक्ष पहिचान स्थापित गर्नु नै बांकी रहेको देखिन्छ । यसमा आयोगले खेलेको भूमिका सर्वथा औचित्यपूर्ण भएतापनि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०६९/८/८ मा गरेको परिपत्रको सम्बन्धित मन्त्रालय/निकायले बाध्यात्मक रुपमा परिपालना नगरेको हुँदा सुशासन र समन्वयको खाडल अपत्यारिलो रुपमा ठूलो रहेको आयोगले महसुस गरेको छ । तथापी आयोगको प्रयत्न यसमा निरन्तर रहनेछ ।

### ७.१.२ अधिकारको समस्याः

नेपाल कानून आयोगले भोगेको अर्को समस्या अधिकारको समस्या पनि हो । यहां अधिकार भन्नाले कानून निर्माणको अधिकारको नै उल्लेख गर्न खोजिएको छ ।


www.lawcommission.gov.np

- नेपाल सरकारका विभिन्न कार्यनितिहरूमा कानून निर्माण र संशोधनका गतिविधीहरू समावेश हुने गरेको पाइएको छ । तर ति सबैमा यस आयोगलाई कुनै अधिकार दिने गरिएको देखिंदैन । कानून निर्माण तथा परिमार्जनको विशेषज्ञ निकाय, यस आयोगलाई सहायक तोकेर अन्य निकायलाई कानून निर्माणको जिम्मेवार निकाय तोक्ने गरेको देखिएको छ । जिम्मेवार निकाय तोकिने निकायले यस आयोगलाई कुनै पनि विषय जानकारी नगराउने मात्र होइन कि जानकारी माग्दा जवाफ नै नदिने गरेको समेत अवस्था छ ।

- यस आयोगले भ्रष्टाचार विषयक महासन्धि कार्यान्वयनका लागि नेपाल सरकारको कार्यनिति बमोजिम कानून तर्जुमासँग सम्बद्ध विविध विषयहरूमा जिम्मेवार बनाइएका निकायहरूलाई कानून निर्माण वा संशोधनको विषयमा के कसो भएको छ भनेर आवश्यक जानकारी माग गर्दा धेरै निकायहरूले जवाफ नै नदिएको अवस्थालाई एउटा उदाहरणको रुपमा लिन सकिन्छ । यसरी कानून निर्माणका लागि अधिकार सम्पन्न नभएर सहयोगी निकायको रुपमा यो आयोगलाई सिमित गर्ने प्रवृत्ति पनि एउटा समस्याको रुपमा स्थापित छ ।

- यद्यपि यस वर्ष आयोगले नेपाल सरकार समक्ष कुनै विधेयक सिफारिश गर्न सकेको छैन तर विगतका अनुभवहरू समेतलाई समेटदा यस आयोगको सिफारिशलाई नेपाल सरकारले त्यति गम्भीरतापूर्वक नलिने गरेको कारणले यस आयोगको काम कारवाहीमा अधिकारको औचित्यपूर्ण उपस्थिति निकै न्यून हुँदै गएको छ ।

७.१.३ **कार्यक्षेत्रको समस्याः**

नेपाल कानून आयोगले यस वर्ष कार्यक्षेत्रको विषयमा केही समस्याहरू रहेको महसुस गरेको छ । यी समस्या मूलतः निम्न बमोजिम रहेका छन् :-

- प्रथमतः यस आयोगको कार्य प्रकृति अनुरुपका कार्यहरू कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र कतिपय विषयगत मन्त्रालय र आयोगहरूले समेत गर्ने गरेको स्थितीमा कुन विषय यस आयोगको कार्यक्षेत्र भित्र पर्छ र कुन पर्दैन भन्ने विषयको टुङ्गो लगाउने क्रममा यस आयोगको संलग्नता रहँदैन ।

नेपाल कानून आयोग

- अर्को समस्या यस आयोगमा प्रस्तावित कानूनहरूले समेटनु पर्ने कार्यक्षेत्रको विषय अस्पष्ट हुने गरेको छ । कानून तर्जुमाका लागि आयोगमा प्राप्त हुने प्रस्तावित कानूनले समेटनुपर्ने विषयहरूको क्षेत्र निर्धारण सहितको अवधारणापत्र प्राप्त नहुने गरेको अवस्था छ। सो देखि बाहेक कतिपय विधेयक मसौदाको कार्य सम्पन्न गर्ने क्रममा विभिन्न हित समूहको बीचमा रहेको स्वार्थको द्वन्दका कारणले प्रस्तावित कानूनको मसौदामा कानूनको कार्यक्षेत्र निर्धारण गर्न कठिनाई भइरहेको छ ।

### ७.१.४ मानवस्रोतको समस्याः

यस आयोगले यस वर्ष भोगेको अर्को प्रमुख समस्या आयोगमा उपलब्ध मानवस्रोतको न्यूनता हो । मूलतः

- यस आयोगमा रिक्त रहेका पदाधिकारीहरूको पद समयमा पदपूर्ति नहुने हुनाले यस वर्ष पनि आयोगको एक जना महिला सहित ३ जना सदस्यको पद रिक्त भएको छ । तर सो पदपूर्तिका लागि सरकारबाट प्रयास समेत भएको छैन ।
- यस आयोगको सबैभन्दा ठुलो समस्याको रुपमा कर्मचारीको उपलब्धता रहेको छ । यस आयोगमा रहेका कर्मचारीहरूको संख्या न्यून रहेको त्यसमाथि पनि समयमा पदपूर्ति नहुने गरेको छ ।
- यस आयोगको कार्यक्षेत्र नै विशेषज्ञ र अनुसन्धानमूलक जनशक्तिको खोजी गर्ने खालको रहेकोमा सो बमोजिमको जनशक्ति आयोगमा उपलब्ध छैन ।
- यस आयोगलाई आवश्यक पर्ने समाजशास्त्री र अर्थशास्त्रीको दरबन्दी नै यस आयोगमा छैन । विशेषज्ञको रुपमा सेवा लिनका लागि बजेट अभावमा कार्य गर्नसकिएको छैन ।
- अनुसन्धान र अध्ययन नै प्रमुख कार्य रहेको यस आयोगमा पुस्तकालयको व्यवस्थापनका लागि दक्ष कर्मचारीको दरबन्दी सिर्जना हुन सकेको छैन ।
- सहायक कर्मचारीमा प्रशासन सेवाका कर्मचारीहरू कार्यरत छन् । कर्मचारीहरूको असमय सरुवा गरिदिने र यस आयोगको पद रिक्त रहने

नेपाल कानून आयोग

गरी सरुवा गरिदिने सामान्य प्रशासन मन्त्रालयको प्रवृत्तिले गर्दा पनि यस आयोगले कठिनाई भोग्नु परेको अवस्था छ ।

**७.१.५ विकासको अवसरको समस्याः**

यस आयोगले भोग्नु परेको अर्को समस्या अवसरको समस्या पनि हो । अनुसन्धान तथा अध्ययनका लागि दक्ष जनशक्ति उपलब्ध हुनुपर्ने आयोगमा सो बमोजिमको दरबन्दी र जनशक्ति नरहनु आफैमा समस्या त हुँदै हो, सो जनशक्तिलाई विकास गरेर यस आयोगको कार्यप्रकृति अनुकुल हुने गरी तयार गर्नका लागि यस आयोगसँग कुनै अवसर उपलब्ध नहुनु झन ठुलो विडम्बना हो ।

- नेपाल सरकारलाई उपलब्ध हुने अध्ययन, तालिम र विकासका अवसरहरू यस आयोगमा उपलब्ध गराइने गरेको छैन । सो प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पाएको छ । कानूनको क्षेत्रमा अध्ययन र अनुसन्धानको क्षमता अभिवृद्धिका लागि नेपाल सरकारलाई प्राप्त हुने अवसरहरू प्रायः यस आयोगलाई नदिने गरेको अवस्था छ ।
- यसका अतिरिक्त यस आयोगसँग आफ्नो कर्मचारीको विकासका लागि आवश्यक कार्यक्रम तयार गरेर कर्मचारी विकासका लागि कार्यक्रम सञ्चालन गर्न सक्ने गरी वित्तीय उपलब्धता पनि अर्थमन्त्रालयबाट नहुने गरेकोले आयोग अझ बढी उपेक्षित हुन पुगेको छ ।

**७.१.६ पहुँचको समस्याः**

नेपाल कानून आयोगले यस वर्ष भोगेको अर्को प्रमुख समस्या पहुँचको समस्या रहेको छ । नेपाल कानूनलाई नेपालको अन्तर्राष्ट्रिय दायित्व अनुरुप कानून निर्माण गर्ने जिम्मेवारी रहेको र समग्र नेपाली कानून प्रणालीको ढांचा निर्धारण गर्न सक्ने अधिकार रहेको यस आयोगलाई कानून र अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूमा पहुँच उपलब्ध गराइएको छैन ।

- यस आयोगलाई नेपाल पक्ष रहेको कुनै पनि सन्धि, महासन्धि, अभिसन्धि लगायतका दस्तावेजको आधिकारिक प्रतिको प्रमाणित प्रतिलिपी समेत प्राप्त हुने गरेको छैन ।

नेपाल कानून आयोग

- त्यसैगरी नेपालका कानूनहरूको आधिकारिक प्रतिको प्रतिलिपी यस आयोगलाई प्राप्त नहुने गरेबाट यस आयोगको वेबसाइट अपडेटमा समस्या रहेको छ ।
- यस आयोगले सो विषयलाई मनन गरेर आयोगको वेबसाइटमा प्रकाशित सामग्रीको आधिकारिकताको विषयमा कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधी लगायत नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधीको रोहवरमा अन्तरक्रिया कार्यक्रम गरेको थियो । सो कार्यक्रममा आयोगले स्पष्ट रुपमा यदि उल्लेखित दस्तावेजहरूको आधिकारीक प्रति यस आयोगमा प्राप्त नहुने हो भने आयोगले आगामी दिनमा कार्य गर्न नसक्ने अवस्था आउन सक्ने कुराको विषयमा समेत छलफल गरिएको थियो । उक्त छलफल पश्चात पनि कुनै पनि पक्षबाट कुनै पनि किसिमले पहल नभएको अवस्था छ ।

### ७.१.७ भौतिकस्रोतको समस्याः

आयोगको आफ्नो छुट्टै भवन हालसम्म उपलब्ध हुन सकेको छैन । भवनको अभावमा आयोगको काम सहज तरिकाले सम्पादन हुन नसकिरहेको अवस्था छ । आयोगमा हाल कार्यरत संख्याका जनशक्तिका लागि पनि पर्याप्त पूर्वाधार नभएकाले कार्यसम्पादनमा बाधा परिरहेको छ ।

आयोगको आफ्नो भवन नभएका कारण आयोगमा रहेका विभिन्न विषयसँग सम्बन्धित कतिपय पुरातात्विक, ऐतिहासिक, कानूनी महत्वका पुस्तक सामाग्रीहरूको सुरक्षा र व्यवस्थापन गर्न कठिन भईरहेको छ ।

### ७.१.८ प्रविधिगत समस्याः

आयोगले आफ्नो वेबसाइट मार्फत प्रकाशन गर्दै आइरहेका ऐन, नियम, विनियम, गठन आदेश लगायतका कानूनी दस्तावेजहरूलाइ भरपर्दो किसिमले विद्युतीयरुपमा प्रकाशन गर्न नसकिएको अवस्था छ ।

यस आयोगको वेबसाइट सञ्चालनका लागि प्राविधिक जनशक्तिको दरबन्दी यस आयोगमा छैन, करारबाट सेवा लिनका लागि समेत वित्तीय व्यवस्था अपर्याप्त रहेको छ ।

## ७.२ नेपाल कानून आयोग समक्ष रहेका चुनौतीहरूः

नेपाल कानून आयोग

नेपाल कानून आयोगले यस वर्ष केही चुनौतिहरूको सम्बोधन गर्नुपर्ने आवश्यकता महसुस गरेको छ । खासगरी माथि उल्लेखित समस्याहरूबाट पार पाउनु यस आयोगले देखेको यस वर्षको लागि प्रमुख चुनौतिको रुपमा रहेको छ । नेपाल कानून आयोगले महसुस गरेका चुनौतिहरूलाई बुँदागत रुपमा देहाय बमोजिम उल्लेख गरिएको छः

- नेपालको कानूनी प्रणाली र न्याय प्रणाली उपर व्यापक टिप्पणी भइरहेको, यो संक्रमणकालमा आफ्नो दायित्व अनुकुलको भूमिका सशक्त रुपमा निर्वाह गर्नु यस आयोगको लागि एउटा चुनौती र अवसर दुबै बनेको छ ।
- नेपाल कानून आयोगले यस वर्ष पनि नेपाल सरकार र सरकारका निकायका अलावा राज्यका अन्य अवयवहरू समक्ष आफ्नो पहिचान र आवश्यकता निर्विवाद रुपमा स्थापित गर्नु यस आयोगको लागि अर्को ठूलो प्रमुख चुनौति बनेको छ ।
- यस वर्ष यस आयोगमा विभिन्न कानूनी समस्याहरूलाई लिएर सर्वसाधारण, सरोकारवाला र तिनका प्रतिनिधीमुलक संस्थाहरूको उपस्थिति विगतमा भन्दा बाक्लो रहेको थियो । आम नेपालीको बढ्दो अपेक्षा सम्बोधन गर्नु यस आयोगको लागि अर्को चुनौति हो ।
- आयोगमा रहेको जनशक्तिको दक्षता अभिवृद्धि र सो को समुचित उपयोग गर्नु पनि एउटा चुनौती हो ।
- नेपालको कानून प्रणालीको विकासका लागि आफ्नो अग्रणी र नेतृत्वदायी भूमिका स्थापित गर्नु आयोगको अर्को ठूलो चुनौती हो ।

### ७.३ नेपाल कानून आयोगले यस वर्ष देखेका सम्भावनाहरूः

यस आयोगले यस वर्षभरि नै समस्या र चुनौति मात्र भोगिरह्यो भन्ने अवस्था पनि होइन । यस वर्ष नेपाल कानून आयोगले केही सम्भावनाहरू पनि देखेको छ । खासगरी नेपाल सरकारको पहलहरूबाट त्यस्तो सम्भावनाको उपज भएको हो । ती सम्भावनाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

- नेपाल सरकारले यस वर्ष आफ्ना निकायहरूलाई निश्चित विषयहरूमा कानून निर्माण गर्दा यस आयोगको सहभागिता अनिवार्य रुपमा गराउने भनी निर्देशन दिएको छ । यद्यपि यो निर्देशन सम्पूर्ण रुपमा पालना भयो भन्ने अवस्था होइन, तथापी यसले आगामी दिनहरूमा यस आयोगका लागि केही सम्भावनाको ढोका खोलेको चाहिं पक्कै हो ।

नेपाल कानून आयोग



www.lawcommission.gov.np

- यस वर्ष नेपाल सरकारले यस आयोगलाई केही कार्यहरू सुम्पेको छ । यसबाट सरकारमा आयोगको क्रियाशिलताको अपेक्षा बढेको यस आयोगले महसुस गरेको छ ।
- नेपाल कानून आयोगमा विभिन्न कानूनी प्रावधान भएका तथा नभएका कारणले भोग्नुपरेका समस्याहरू लिएर आउने सर्वसाधारण र सरोकारवालाको संख्या यस वर्ष निकै वृद्धि भएको छ । यसबाट सर्वसाधारणमा यस आयोग प्रति विश्वास पलाएको र त्यसबाट स्वभावतः आयोगको जिम्मेवारी र अधिकारमा वृद्धि भएको आयोगले महसुस गरेको छ ।

## अनुसूची – १

### आ. व. २०६९/७० मा नेपाल कानून आयोगको तर्फबाट अंग्रेजी अनुवाद गराई वेबसाइटमा अपलोड गरिएका नियमहरू

| क.सं. | कानूनको विवरण |
|---|---|
| 1. | The Constitution of the kingdom of nepal, 2015 (1959) |
| 2. | The Constitution of Nepal, 2019 (1962) |
| 3. | Government of Nepal Act, 2004 (1948) |
| 4. | Bardiya National Park Rules, 2053 (1996) |
| 5. | Chitwan National Park Rules, 2030 (1974) |
| 6. | Conservation Area Management Rules, 2053 |
| 7. | Himalayan National Park Rules, 2036 (1979) |
| 8. | Kanchanjangha Conservation Area Management Rules, 2064 (2008) |
| 9. | Khaptad National Park Rules, 2044 (1987) |
| 10. | Land Rules, 2021 (2064) |
| 11. | National Parks and Wildlife Conservation Rules, 2030 (1974) |
| 12. | Safe Abortion Service Process, 2060 |
| 13. | Wildlife Reserve Rules, 2034 (1977) |
| 14. | Buffer Zone Management Rules, 2052 (1996) |
| 15. | Civil Aviation (Mishap Investigation) Rules, 2024 (1967) |

नेपाल कानून आयोग

| | |
|---|---|
| 16. | Correction of Age, Name and Surname Rules, 2017 (1960) |
| 17. | Drama House (Rent Control) Rules, 2017 (1961) |
| 18. | Emergency Child Mitigation Fund (Operation) Rules, 2067 |
| 19. | Forest Engineering Rules, 2020 (1963) |
| 20. | Industrial Reformation Fund (Operation Procedure) Rules, 2064 (2007) |
| 21. | Infant (Rearing and Caring Arrangement) Rules, 2020 (1964) |
| 22. | Kharka Land Nationalization Rules, 2033 (1967) |
| 23. | Kumari Chok Audit Rules, 2018 (1962) |
| 24. | Lottery Rules, 2027 (1971) |
| 25. | Office Establishment Related Rules, 2040 (1983) |
| 26. | Prime minister Helping Fund Rules, 2059 (2002) |
| 27. | Rules Relating to Duplicate Documents, 2015 (1958) |
| 28. | Rules Relating to Sanctioning and Payment of Salary, Stationary etc. of the Staff of Primary School, 2021 (1965) |
| 29. | Rules to Maintain Safety of the Statement of the Lands of Madhesh and Terai, 2019 (1962) |
| 30. | Senior Citizens Rules, 2065 (2008) |
| 31. | Special Group Personnel Administration and Management Rules, 2065 (2008) |
| 32. | Stadium (Rent) Rules, 2018 (1961) |

नेपाल कानून आयोग

**आ.व. २०६९/७० मा वेवसाइटमा प्रकाशन भएका नेपाली भाषाका सामग्रीहरूको विवरण**

| क.सं. | विवरण |
|---|---|
| १. | नेपाल अधिराज्यको संविधान, २०१५ |
| २. | बाधा अड्काउ फुकाउ आदेश, २०६९ |
| ३. | आर्थिक ऐन, २०६७ |
| ४. | आर्थिक ऐन, २०६५ |

| | |
|---|---|
| ५. | भ्रष्टाचार निवारण ऐन, २०१७ |
| ६. | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ |
| ७. | बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ |
| ८. | सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ |
| ९. | सपुर्दगी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश |
| १०. | पारस्परिक कानूनी सहायता अध्यादेश, २०६९ |
| ११. | आर्थिक अध्यादेश, २०६९, राष्ट्र ऋण उठाउने अध्यादेश, २०६९, विनियोजन अध्यादेश, २०६९, नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०६९ |
| १२. | निर्वाचन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६९ |
| १३. | नेपाल स्वास्थ्य सेवा (चौथो संशोधन) अध्यादेश, २०६९ |
| १४. | "निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९ |
| १५. | श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०३८ |
| १६. | श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ |
| १७. | मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ |
| १८. | श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०५७ |
| १९. | नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ |
| २०. | वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ |
| २१. | नेपाल स्वास्थ्य सेवा (तेस्रो संशोधन) नियमावली, २०६८ |
| २२. | काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ |
| २३. | विशेष समूहका कर्मचारीहरूको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ |
| २४. | उच्च माध्यमिक शिक्षा नियमावली, २०५३ |
| २५. | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ |
| २६. | सार्वजनिक सुरक्षा नियमावली, २०५८ |
| २७. | कारागार नियमावली, २०२० |
| २८. | नेपाल फार्मेसी परिषद नियमावली, २०५९ |

नेपाल कानून आयोग

| | |
|---|---|
| २९. | बिरुवा संरक्षण नियमावली, २०३१ |
| ३०. | छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० |
| ३१. | नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६ |
| ३२. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० |
| ३३. | बीउ बिजन नियमावली, २०६९ |
| ३४. | निजामती कर्मचारी योगदान कोष (सञ्चालन) नियमावली, २०६९ |
| ३५. | लगानी बोर्ड नियमावली, २०६९ |
| ३६. | विशेष आर्थिक क्षेत्र विकास समिति (गठन) आदेश, २०६९ |
| ३७. | आपतकालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७ |
| ३८. | सैनिक सेवा नियमावली, २०६९ |
| ३९. | अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ |
| ४०. | नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८ |
| ४१. | लागू औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ |
| ४२. | लागू औषध नियन्त्रण रणनीति, २०६६ |
| ४३. | विदेशी लगानी र एकद्वार नीति, २०४९ |
| ४४. | राष्ट्रिय भू-उपयोग नीति, २०६८ |
| ४५. | राष्ट्रिय सहकारी नीति, २०६९ |
| ४६. | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६९ |
| ४७. | मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ |
| ४८. | सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ |
| ४९. | कर्णाली विकास आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ |
| ५०. | सुदुर पश्चिम विकास आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ |
| ५१. | बैतडी अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ५२. | बझाङ्ग अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ५३. | बाजुरा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |

नेपाल कानून आयोग

| | |
|---|---|
| ५४. | बन्दीपुर अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ५५. | भोजपुर अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ५६. | चौतारा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ५७. | विद्युत विकास कोष समिति (गठन) आदेश, २०६० |
| ५८. | दार्चुला अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ५९. | धादिङ्ग अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६०. | डोल्पा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६१. | गोरखा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६२. | हुम्ला अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६३. | जाजरकोट अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६४. | कालिकोट अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६५. | कटारी अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६६. | मुगु अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६७. | ओखलढुङ्गा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६८. | पाल्पा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ६९. | पर्वत अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७०. | पोखरीया अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७१. | रामेछाप अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७२. | रङ्गेली अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७३. | रोल्पा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७४. | सल्यान अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७५. | शिवराज अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७६. | सिराहा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७७. | स्याङ्जा अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ७८. | ताप्लेजुङ्ग अस्पताल विकास समिति (गठन) आदेश २०६९ |

नेपाल कानून आयोग

| | |
|---|---|
| ७९. | तेह्रथुम अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ८०. | त्रिशुली अस्पताल विकास समिति (गठन) आदेश २०६९ |
| ८१. | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन)आदेश, २०६९ |
| ८२. | बादी समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६८ |
| ८३. | राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ |
| ८४. | विशेषज्ञ तथा अन्य सेवा लिने सम्बन्धी कार्यविधि, २०७० |
| ८५. | नेपाल कानून आयोगको राय सुझाव सङ्कलन सम्बन्धी कार्यविधि, २०७० |
| ८६. | कानूनी संग्रहहरूलाई अद्यावधिक गर्ने र वेवसाइटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०७० |

नेपाल कानून आयोग

# अनुसूची – २
# आयोगमा कार्यरत कर्मचारीहरुको नामावली

| | | |
|---|---|---|
| १. | श्री राजेन्द्र किशोर क्षेत्री | सचिव |
| २. | श्री लक्ष्मणप्रसाद मैनाली | सहसचिव |
| ३. | श्री दानबहादुर मल्ल | उपसचिव |
| ४. | श्री राजेन्द्र थापा | उपसचिव |
| ५. | श्री नवीन कुमार जोशी | शाखा अधिकृत |
| ६. | श्री वशिष्ट कुमार घिमिरे | शाखा अधिकृत |
| ७. | श्री कुमार प्रसाद घिमिरे | शाखा अधिकृत |
| ८. | श्री सूर्यविना श्रेष्ठ | कम्प्यूटर अधिकृत |
| ९. | श्री रामप्रसाद लुइँटेल | लेखा अधिकृत |
| १०. | श्री सुवर्ण ब. मल्ल | ना.सु. |
| ११. | श्री प्रकाशचन्द्र सापकोटा | ना.सु. |
| १२. | श्री खिलप्रसाद दहाल | ह.स.चा. |
| १३. | श्री कृष्णगोविन्द महर्जन | ह.स.चा. |
| १४. | श्री बहादुर महर्जन | ह.स.चा. |
| १५. | श्री सानु महर्जन | ह.स.चा. (करार) |
| १६. | श्री रामेश्वर बुढाथोकी | ह.स.चा. (करार) |
| १७. | श्री शम्भु थापा | का.स. |
| १८. | श्री नरेन्द्र खड्का | का.स. |
| १९. | श्री मिठे राना | का.स. |
| २०. | श्री रामबहादुर राना | का.स. |
| २१. | श्री दिलशोभा पोडे | का.स. |
| २२. | श्री सविता राना | का.स. (करार) |

नेपाल कानून आयोग

( आ.का.नि.२०६४ को नियम २० को उपनियम (२० र नियम २५ संग सम्बन्धित

नेपाल सरकार

# नेपाल कानून आयोग

सिंहदरबार,काठमाडौं

## <u>आ.ब.२०६९/०७० को वार्षिक लक्ष प्रगति विवरण</u>

**ब.उ.शि.नं. ३११०१२३**

(रकम रु.हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | ईकाई | वार्षिक लक्ष | | | यस अबधिसम्मको लक्ष | | | यस अबधिसम्मको भौतिक प्रगति | | | यस अबधिसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १. | **<u>वेव सम्बन्धी कार्य</u>** | | | | | | | | | | | | | |
| | क नेपाली टाइपिङ् | पेज | १५०० | २.१२ | ६० | १५०० | २.१२ | ६० | १५०० | २.१२ | १०० | ६० | १०० | |
| | ख अंग्रेजी टाइपिङ् | ,, | १००० | १.०५ | ३० | १००० | १.०५ | ३० | ८८० | ०.९२ | ८८ | २६.४० | ८८ | |
| | ग अनुवाद | ,, | १००० | १७.५९ | ५०० | १००० | १७.५९ | ५०० | ८८० | १५.४७ | ८८ | ४४० | ८८ | |
| | घ अनुवाद परिक्षण | ,, | ७०० | ६.१५ | १७५ | ७०० | ६.१५ | १७५ | ५८० | ५.१० | ८३ | १४५ | ८२.८६ | |
| | ङ प्रुफ | ,, | २५०० | १.७६ | ५० | २५०० | १.७६ | ५० | २५०० | १.७६ | १०० | ५० | १०० | |
| | च सम्पादन र अपलोड | ,, | २५०० | ०.८९ | २५ | २५०० | ०.८९ | २५ | २५०० | ०.८९ | १०० | २५ | १०० | |
| | छ बिबिध (मसलन्द, सूचना प्रकाशन, अन्य सामान खरिद आदि | रकम | . | १०.५४ | ३०० | . | १०.५४ | ३०० | . | १०.५४ | १०० | ३०० | १०० | |

नेपाल कानून आयोग

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | अन्तरक्रिया,गोष्ठी | पटक | ६ | २२.८५ | ६५० | ६ | २२.८५ | ६५० | ६ | २२.८५ | १०० | ६५० | १०० | |
| ३. | लेख / रचना | गोटा | १५ | ५.२७ | १५० | १५ | ५.२७ | १५० | १४ | ४.९२ | ९३.३५ | १४० | ९३.३३ | |
| ४. | अबधारणा तथा नीतिपत्र (अनुसन्धान | संख्या | ५ | २.६३ | ७५ | ५ | २.६३ | ७५ | ५ | २.६३ | १०० | ७५ | १०० | |
| ५. | आयोगको प्रोफाईल तयारी नेपाली,अंग्रेजी | प्रति | २००० | ६.१५ | १७५ | २००० | ६.१५ | १७५ | २००० | ६.१५ | १०० | १७५ | १०० | |
| ६. | जर्नल प्रकाशन | संख्या | १००० | ६.१५ | १७५ | १००० | ६.१५ | १७५ | १००० | ६.१५ | १०० | १७५ | १०० | |
| ७. | विशेषज्ञ सेवा सम्बन्धी कार्यविधि तयारी | संख्या | १ | १.७६ | ५० | १ | १.७६ | ५० | १ | १.७६ | १०० | ५० | १०० | |
| ८. | राय सूझाव सम्बन्धी कार्यविधि तयारी | संख्या | १ | १.७६ | ५० | १ | १.७६ | ५० | १ | १.७६ | १०० | ४९ | ९८ | |
| ९. | वेवसाइट ब्यबस्थापन सम्बन्धी कार्यविधि तयारी | संख्या | १ | १.९० | ५४ | १ | १.९० | ५४ | १ | १.९० | १०० | ४०.३२ | ७४ | |
| १०. | बिभिन्न विधेयकको मस्यौदा तयारी | संख्या | २ | ४.४ | १२५ | २ | ४.४ | १२५ | २ | ४.४ | १०० | ११९ | ९५.२ | |
| ११. | खोज मुलक अध्ययन अनुसन्धान | संख्या | ३ | ७.०३ | २०० | ३ | ७.०३ | २०० | ३ | ७.०३ | १०० | २०० | १०० | |
| (क | जम्मा :- | | | १०० | २८४४ | | १०० | २८४४ | | ९६.३५ | ९६.३५ | २७१९.७२ | ९५.६३ | |
| (ख | प्रशासनिक खर्च :- | | | | | | | | | | | | | |
| (ग | कुल जम्मा :- | | | १०० | २८४४ | | १०० | २८४४ | | ९६.३५ | ९६.३५ | २७१९.७२ | ९५.६३ | |

नेपाल कानून आयोग

तयार गर्ने :-　　　　आर्थिक प्रशासन शाखा प्रमुख　　　　कार्यालय प्रमुख